# अपाङ्गता केन्द्रित समावेशी शिक्षा सहजीकरण पुस्तिका

## २०७५




शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी भक्तपुर

# अपाङ्गता केन्द्रित समावेशी शिक्षा सहजीकरण पुस्तिका

**लेखन एवं सूचना संकलन**
गणेश प्रसाद पौडेल

**प्रकाशक :**
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी भक्तपुर

**प्रकाशन सहयोगी**
सेभ द चिल्ड्रेन/आर. सि. आर. डी .भक्तपुर
प्रथम पटक प्रकाशित मिति : श्रावण २०७५
प्रथम पटक प्रकाशित प्रति : १००० प्रति

**सर्वाधिकार :**
प्रकाशकमा सुरक्षित

**कम्प्युटर डिजाइन /मुद्रण**
मित्रता छापाखाना
गोल्मढी–७, ६६१३३९९, सल्लाघारी, ५०९२३२९
मो. ९८४१२२९८०३

# सहजीकरण पुस्तिकाको सन्दर्भ र उद्देश्य

नेपालको संविधान लगायत राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा भएका घोषणाहरूले शिक्षालाई बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेका छन । वि.स. २०२१ सालदेखि शुरूवात भएको विशेष शिक्षा /समावेशी शिक्षाका माध्यमबाट हाल विद्यालय शिक्षा पद्दतिमा सतहत्तर हजार भन्दा बढी अपाङ्गता भएका बालबालिका विद्यालय शिक्षा (प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म) पद्दतिमा अध्ययरत छन । संवैधानिक, राजनैतिक एवं प्रशासनिक पुनर्संरचना सँगै शैक्षिक सेवा प्रवाहका क्षेत्रमा जिम्मेवारी परिवर्तन भएको छ । संविधान लगायत स्थानीय शासन सञ्चालन सम्बन्धी ऐन २०७४ ले विद्यालय शिक्षा सञ्चालन व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा रहने व्यवस्था गरेको छ ।

सबै अपाङ्गता भएका बालबालिकालाइ विद्यालयमा भर्ना गर्न, भर्ना भएका सबैलाई विद्यालयमा टिकाउन र टिकेका सबैलाइ क्षमताका आधारमा सिकाउने सन्दर्भमा विद्यालयलाई सहजीकरण गर्ने जिम्मेवारी स्थानीय सरकारमा आएको छ । अपाङ्गता भएका बालबालिकाको कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय एवं स्थानीय तहका लागि समावेशी शिक्षा सन्दर्भमा हालसम्म सञ्चालित कार्यक्रम, विद्यमान संवैधानिक कानूनी एवं नीतिगत व्यवस्था, अपाङ्गताको पहिचान एवं लेखाजोखा, विशेष विद्यालय स्रोतकक्षाको अवधारणा एवं अभ्यास, प्राविधिक पक्षका सुझाव, सञ्चालित विद्यालय एवं विभिन्न सँघ सँस्था निकायको सूचना संप्रेषण गर्ने उद्देश्यले यो सहजीकरण पुस्तिकाको विकास गरिएको हो ।

यस पुस्तिकामा अपाङ्गतको परिभाषा, वर्गीकरण, संवैधानिक कानूनी व्यवस्था, सञ्चालित कार्यक्रम, अपाङ्गता पहिचान एवं लेखाजोखा, स्रोतकक्षाका न्युनतम सक्षमताका अवस्था, अनुगमन सूचक लगायतका विषय समाबेश गरिएको छ । यस पुस्तिकाका माध्यमबाट विगतका अभ्यास बुझ्ने, विद्यालय एवं स्थानीय तहको अवस्था विश्लेषण गरी आवश्यकतामा आधारित योजना बनाउन, कार्यक्रम छनोट एवं कार्यान्वयन गर्न  अनुगमन गर्न र समग्रतामा संवैधानिक कानूनी एवं नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

समावेशी शिक्षाका सन्दर्भमा विगतको अभ्यास, सिकाइ स्थानीय तहमा जस्ताका तस्तै पुर्‍याउनु पर्दछ भन्ने मान्यता राख्नुहुने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बाबुराम पौडेल, उपमहानिर्देशकहरू टेकनारायण पाण्डे, चुडामणि पौडेल, खगेन्द्र नेपाल, दीपक शर्माको मार्गदर्शन एव राष्ट्रिय अपाङ्ग महासँघ नेपालका अध्यक्ष सुदर्शन सुवेदी एवं प्राध्यापक बासुदेव काफ्ले लगायत विभिन्न सँघ सँस्थाका पदाधिकारीहरूको सुझाव यस पुस्तिकाले प्राप्त गरेको छ ।  लेखन एवं सूचना संकलनमा समावेशी शिक्षा शाखाका शाखा अधिकृत नारद प्रसाद धमला, प्राविधिक सहायक शान्ति वाग्लेको विशेष सहयोग रहेको छ । यो पुस्तिका विकास एवं छपाइका लागि सहकार्य गर्ने सेभ द चिल्ड्रेन, सि वि. एम , आर सि आर डी.का सम्बद्ध पदाधिकारीलाइ धन्यवाद व्यक्त गर्दै पाठक वर्गबाट सधै झै रचनात्मक सुझावका अनुरोध छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# समावेशी शिक्षाका लागि सहजीकरण पुस्तिका २०७५ का विषयवस्तु


| | |
|---|---|
| १. नेपालको विद्यमान शैक्षिक अवस्था | ५ |
| २. समावेशी शिक्षाको परिचय, अभ्यास | ५ |
| २.१ समावेशी शिक्षाको शब्द सन्दर्भ | |
| २.२ समावेशी शिक्षाका सन्दर्भमा पहिचान गरिएका लक्षित समूह | |
| २.३ समावेशी शिक्षाको अभ्यास मान्यता | |
| २.४ आवधिक योजना र समावेशी शिक्षा | |
| ३. अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा | ९ |
| क) विशेष शिक्षा | |
| ख) एकिकृत शिक्षा | |
| ग) समावेशी शिक्षा | |
| ४. अपाङ्गताको परिभाषा एवं वर्गीकरण | ११ |
| ५. लक्षणका आधारमा अपाङ्गताको पहिचान र सहयोग | १३ |
| ६. कार्यगत सीमितताका आधारमा अपाङ्गताको पहिचान | २२ |
| ७. संवैधानिक,कानुनी एवम् नीतिगत व्यवस्था | २३ |
| क) नेपालको संविधान | |
| ख) शिक्षा ऐन तथा नियमावली | |
| ग) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ | |
| घ) अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३ | |

| | |
|---|---|
| ८. अपाङ्गता भएका बालबालिकाका शिक्षाका लागि सञ्चालित कार्यक्रम | ३१ |
| ८.१ छनोट एवम् लेखाजोखा केन्द्र | |
| ८.२ विशेष विद्यालय (अबधारणा, सञ्चालन विधि प्रक्रिया,व्यवस्थापन) | |
| ८.३ स्रोतकक्षा | |
| क) अबधारणा (स्रोतकक्षा के, किन र कसरी) | |
| ख) स्रोतकक्षाका न्यूनतम सक्षमताका अवस्थाका सूचक | |
| ८.४ छात्रबृत्ति | |
| ८.५ लेखा जोखा केन्द्र | |
| ९. संघ/संस्था निकायबाट सञ्चालित सेवा | ४९ |
| १०. अनुगमन एवं निरीक्षण | ४९ |
| ११. सहजीकरण पुस्तिका र स्थानीय तहमा कार्यक्रम छनाट एवं कार्यान्वयन | ४९ |
| अनुसूचीहरु | |
| १ विशेष विद्यालय नामावली | ५२ |
| २ एकिकृत विद्यालय नामावली | ५४ |
| ३. स्रोतकक्षा रहेका विद्यालय नामावली | ५५ |
| ४. लेखाजोखा गर्ने फाराम | ६७ |
| ५. विशेष विद्यालय/स्रोत कक्षाको अनुगमन फाराम | ७१ |
| ६. सेवा प्रदायक संघ संस्थाको नाम र मुख्य काम | ७४ |

# १. नेपालको विद्यमान शैक्षिक अवस्था

नेपालमा संस्थागत रूपमा शिक्षा दिने कार्य १६५ वर्ष (वि.स. १९१० दरबार हाई स्कुल) पुगेको छ । आजको दिनसम्म आईपुग्दा देशभरमा ३६५६८ प्रारम्भिक बालविकास कक्षामा ९५८,१२७ बालबालिका, ३५६०१ विद्यालयमा कक्षा १ देखि १२ कक्षासम्म ७३९१५२४ जना विद्यार्थीहरू अध्ययनरत छन । विद्यालय शिक्षामा सामुदायिक संस्थागत निजी गरी कूल जम्मा ३२२०७५ शिक्षक कार्यरत रहेको अवस्था छ । विद्यालय शिक्षामा विभिन्न ६९ भाषा मौखिक रूपमा शिक्षण सिकाईको सन्दर्भमा प्रयोग भएको छ । विद्यालय तहमा आधारभुत तह अन्तर्गत प्राथमिक तह (कक्षा १-५) मा ९७.२ निम्नमाध्यमिक तह (कक्षा ६-८)मा ८७.४ र समग्र आधारभुत तह(कक्षा १-८)मा ९२.३ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१० )मा ६५.९, माध्यमिक तह (कक्षा ११-१२ )मा २२.० प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२ )मा ४३.९ खुद भर्नादर रहेको छ ।

विद्यालय शिक्षामा छात्राहरूको भर्नादर उत्साहजनक (आधारभुत तह-५०.६, माध्यमिक तह-५२.५), रहेको छ । दलित बालबालिकाको सहभागीता प्राथमिक तहमा १९.९, नि.मा. तहमा १६.०, माध्यमिक तहमा ११.१ प्रतिशत, जनजाति बालबालिकाको सहभागीता प्राथमिक तहमा ३६.८, नि.मा. तहमा ४०.९, माध्यमिक तहमा ३३.८ प्रतिशत रहेको छ । अतिसीमान्तीकृत पिछडिएको समूह (२२ जाति) बाट ८९२१६ (प्राथमिक ३१८५२, नि.मा.१५७८१ माध्यमिक ३४४४) जना, अपाङ्गता भएका बालबालिका, ७७७०५ (प्रारम्भिक बालविकास तहमा २०१०, प्राथमिक तहमा,४५६५५ नि.मा.तहमा १८२९४ माध्यमिक तहमा ११७४६) अध्ययन गरिरहेको अवस्था छ ।

# २. समावेशी शिक्षाको परिचय, अभ्यास

## २.१. समावेशी शिक्षाको शब्द सन्दर्भ

अग्रेजी शब्द इन्कुलुसिभ एजुकेशनलाई नेपालीकरण गर्ने शिलशिलामा समावेशी शिक्षा समाहित शिक्षा, समवेत शिक्षा, सामेली शिक्षा, सम्मिलन शिक्षा जस्ता फरक फरक शब्दावली प्रयोग भएको पाईन्छ । समाहित शिक्षा शिक्षाको मूलधारबाट बाहिर परेका/पारिएका वा बहिस्करणमा परेकाहरूका लागि शिक्षाको मूल प्रवाहमा समाहित गर्ने प्रयोजनका लागि शिक्षा क्षेत्रमा प्रयोग भएको पाइन्छ । समवेत शब्द प्राज्ञिक क्षेत्रमा, समावेशी राजनीतिक क्षेत्रमा प्रयोग हुदै आएको थियो । नेपालको संविधान २०७२ का विभिन्न धाराहरूमा समावेशी शब्द प्रयोग भएको छ ।

नेपालमा समावेशी शिक्षालाई परिभाषित गर्ने शिलशिलामा पनि कतिपयले यसलाई अपाङ्गता भएका बालबालिकाको शिक्षाको रूपमा मात्र लिए भने कतिपयले यसलाई सबै अवस्थाका सिकारूप्रति जिम्मेवार समग्र शिक्षा पदद्तिको रूपमा व्यापक अर्थमा लिने गरेको पाईन्छ । स्वभाविक रूपमा बालबालिका एक अर्कामा फरक फरक हुन्छन । फरकपन शारिरीक मानसिक, सामाजिक, आर्थिक, साँस्कृतिक आदि रूपमा अभिब्यक्त भएको हुन्छ । सबै किसिमको फरकपनलाई शैक्षिक पदद्तिले संबोधन गर्नुपर्दछ भन्ने अबधारणा समावेशी शिक्षाले अगाडि सारेको छ । सबैका आवश्यकताको पहिचान एवं संवोधनका लागि परिवार, विद्यालय र समग्र शैक्षिक प्रणालीलाई बालबालिका प्रति जिम्मेवार

बनाउने विधि र प्रक्रिया समावेशी शिक्षाका विषयवस्तु हुन । यसले बालबालिकालाई समग्रतामा हेर्ने भएकाले यसभित्र अपाङ्गता भएका वा अपाङ्गता नभएका सबै किसिमका बालबालिका पर्दछन ।

युनेस्कोले निरन्तर रूपमा समावेशी शिक्षाको वकालत गर्दै देहायको दृष्टिकोण अगाडि सारेको छ ।

*Inclusive education as a process of addressing and responding to the diversity of needs of all learners through increasing participation in learning culture and communities and reducing exclusion within and from education*

शिक्षा मन्त्रालयले सरोकारवालाहरूको सहभागीतामा २०५९ सालमा नेपालको सन्दर्भमा समावेशी शिक्षालाई देहाय अनुसार परिभाषित गरिएको छ ।

समावेशी शिक्षा भन्नाले सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा बहु सांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया बुझ्नु पर्दछ । यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्व दिदै बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ ।

समाहित शिक्षा पद्धतिले राष्ट्रिय एवं स्थानीय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अबसर बाट वञ्चित रहेका एवं विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्ने बालकेन्द्रित शिक्षणसिकाइ प्रक्रिया अबलम्वन गर्न प्रोत्साहन गर्दछ ।

## २.२.समावेशी शिक्षाका सन्दर्भमा पहिचान गरिएका लक्षित समूह

समावेशी शिक्षा परिभाषा निर्माणका सन्दर्भमा २०५९ सालमा विभिन्न १४ समूह बालिका/महिला, अपाङ्गता भएका बालबालिका, दलित बालबालिका, जनजाति बालबालिका, सडक बालबालिका, द्वन्द्व पिडित बालबालिका, वेचविखनबाट तथा यौनशोषनबाट पिडित बालबालिका, गरिवीले समस्याग्रस्त बालबालिका, कमैया तथा बधुवा मजदुर बालबालिका, जेलमा परेका बालबालिका, असहाय अनाथ बालबालिका, रोगग्रस्त बालबालिका,श्रमिक बालबालिकालाई थप सहयोग उपलब्ध गराउनुपर्ने वर्गको रूपमा पहिचान गरिएको थियो । पहिचान गरिएका लक्षित समूह बाहेक स्थानीय तहमा थप सहयोग उपलब्ध गराउनुपर्ने वर्ग पहिचान गर्न सकिने प्रावधान समेत राखिएको थियो ।

नेपाल सरकार शिक्षा मन्त्रालयले जारी गरेको एकिकृत समता रणनीति २०१४ ले सामाजिक

आर्थिक अवस्था, लैङ्गिकता, अपाङ्गता, भौगोलिक अवस्था, जात ईथिनिसिटी, स्वास्थ्य पोषणको अवस्था, भाषा र सीमान्तीकृत समूह गरी आठ पक्ष पहिचान गरी सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने नीति अगाडि सारेको छ ।

## २.३. समावेशी शिक्षाको अभ्यास

अपाङ्गता भएका बालबालिकाको लागि विशेष शिक्षा दिने कार्य वि.स. २०२१ साद देखि शुरूवात भएको पाईन्छ । नेपालमा समावेशी शिक्षा (तत्कालीन समयमा समाहित शिक्षा) कै नामबाट यसको अबधारणा सन २००० देखि मात्र शुरू भएको पाईन्छ । सन् २००० देखि २००४ सम्म डेनमार्कको को उन्टी अफ कोपन हेगन, एजुकेशन युनिभरसिटीको सहयोग बाँके (४ विद्यालय), उदयपुर (४ विद्यालय), काभ्रे (२ विद्यालय) र सिन्धुपाल्चोक (२ विद्यालय) गरी ४ विद्यालयमा समावेशी शिक्षाको अबधारणा प्रयोग एवं परीक्षण गरिएको थियो । उक्त परीक्षण अबधिमा समाहित शिक्षाले विद्यालयलाई कसरी सबैका लागि अनुकुल एवं स्वयगतयोग्य बनाउन सकिन्छ भन्ने विषयलाई प्रमुख एजेण्डा बनाएको थियो । उक्त परीक्षण अबधिपश्चात शिक्षा विभागमा विशेष शिक्षा शाखालाई समाहित शिक्षा शाखाको रूपमा नामाकरण गरी कार्यक्रम सञ्चालन गर्न शुरूवात गरियो ।

## २.४. समावेशी शिक्षाका मान्यताहरू

समावेशी शिक्षासँग सम्बद्ध सबै पक्षले समावेशी शिक्षाका देहायका मान्यतालाई आफ्नो मार्गदर्शनका रूपमा लिनु पर्दछ ।

- सबै बालबालिकाको आफ्नै समुदायमा शिक्षा पाउने अधिकारको स्वीकृति ।
- सबै बालबालिकाले सिक्न सक्दछन् भन्ने धारणा र बिश्वास ।
- समुदायिक/स्थानीय संलग्नता र स्वामित्व।
- सबै बालबालिकाको गुणात्मक शिक्षामा समतामूलक पहुँच ।
- अबसरको समानीकरण र समता ।
- बालबालिकामा भएको विभिन्नताको (लिङ्ग, जात, जाती, भाषा, अपाङ्गता, आदि) सम्मान।
- सबै किसिमका बालबालिकाको आवश्यकता संबोधन गर्ने शैक्षिक संरचना, प्रणाली र विधिको सुनिश्चितता ।
- लगातार परिमार्जन भैरहने गतिशील प्रक्रिया ।

## २.५ आवधिक योजना र समावेशी शिक्षा (विद्यालय क्षेत्र सुधार योजना, चौधौं योजना, दिगो विकासका लक्ष्यहरू

समग्र शैक्षिक व्यवस्थापनमा समावेशी शिक्षा सबैको चासो रहेको क्षेत्र हो । आवधिक योजनामा समावेशी शिक्षाका सन्दर्भमा समाबेश भएका विषयवस्तु यसमा समाबेश गरिएका छन ।

### क) चौधौं योजना २०७२/०७३ –०७५/०७६

चौधौं योजना २०७२/०७३–०७५/०७६ ले अपाङ्गताका आधारमा हुने सम्पूर्ण भेदभावको अन्त्यका लागि शिक्षा, स्वास्थ्य र रोजगारीका अबसरहरूमा सहज पहुँच बढाइ अपाङ्गता भएका व्यक्तिको जीवनस्तर सुधार गर्ने लक्ष्य राखेको छ । योजनाले विद्यालय भवन अपाङ्गतामैत्री बनाउने, आवाशीय विद्यालय सञ्चालन गर्ने, ब्रेललिपी , डेजी वा अपाङ्गता अनुकूलको नविनतम प्रविधिमा पढ्न पाउने अबसर सिर्जना गर्ने, अपाङ्गताको प्रकृति अनुसार सीपमूलक र व्यावसायिक तालिम प्रदान गर्ने, अपाङ्गता शसक्तिकरण एवम् सूचनाकेन्द्र सञ्चालन लगायतका कार्यक्रम अगाडि सारेको छ ।

### ख) विद्यालय क्षेत्र विकास योजना २०७३/०७४ –०७९/०८०

विद्यालय क्षेत्र विकास योजना २०७३/०७४–०७९/०८० ले समता एवम् समावेशीता लाई उच्च महत्व दिँदै अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकालाई समावेशी शिक्षा सुनिश्चित गर्नका लागि संस्थागत क्षमताको विकास गर्ने र जटिल तथा विशेष प्रकारका अपाङ्गता संबोधनका लागि गैर सरकारी निकाय तथा सम्बन्धित मन्त्रालयसँग साझेदारी गर्ने रणनीति अबलम्बन गरेको छ । अपाङ्गता भएका बालबालिकाको पहुँच, सहभागिता र सिकाइ उपलब्धि अभिवृद्धि गर्न समावेशी शिक्षाका लागि दिर्घकालीन गुरूयोजना तयार गर्ने,सक्रिय सिकाइ क्रियाकलापमा पूर्ण पहुँच सुनिश्चित गर्न प्रारम्भिक बालशिक्षा र विकास/पूर्व प्राथमिक शिक्षामा न्यूनतम मापदण्ड तयार गर्ने, अपाङ्गताको पहिचान एवम् सिफारिस सेवा प्रवाहको लागि आवश्यक संयन्त्रको विकास एवम् सुदृढिकरण गर्ने, आवश्यकता अनुसारआवाशीय विद्यालय, स्रोतकक्षा सहितका एकिकृत विद्यालय सञ्चालन गर्ने लगायतका विषयहरू समावेश गरिएको छ ।

### ग) दिगो विकास लक्ष्य २०१५–२०३०

दिगो विकास सम्बन्धी लक्ष्य २०१५–२०३० को चौंथो लक्ष्यले सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अबसरको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । लक्ष्य ४. क) मा शैक्षिक सुविधाहरू बाल, अपाङ्गता तथा लैङ्गिक संवेदनशील हुने गरी निर्माण

तथा थप गर्ने र सबैका लागि सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइको वातावरण उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## ३ अपाङ्गता भएका बालबालिकका लागि समावेशी शिक्षा

### ३.१ विशेष शिक्षा

शिक्षा सबैका लागि हो र हुनुपर्दछ । सबै बालबालिकाका लागि समेटने प्रयोजनका लागि शैक्षिक पद्धतिले विशेष शिक्षाको दृष्टिकोण अगाडि सारेको पाईन्छ । अपाङ्गता भएका बालबालिकाका लागि अपाङ्गता अनुकुल हुनेगरी व्यवस्थापन गरिएको शिक्षण सिकाइ विधि प्रक्रिया एवं विद्यालय व्यवस्थापन नै विशेष शिक्षा हो । अपाङ्गता भएका बालबालिकाका लागि मात्र लक्षित गरी सञ्चालित विद्यालय ने विशेष विद्यालय हो । शिक्षा ऐनको दफा २ को संसोधित प्रावधान अनुसार "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।" भनी परिभाषित गरिएको छ । यस प्रकारका विद्यालयमा अपाङ्गता भएका बालबालिकालाई मात्र भर्ना गरिन्छ । विद्यालयको भौतिक संरचना, शिक्षक व्यवस्थापन, शिक्षणसिकाइ विधि पद्धति एवं मूल्यांकन अपाङ्गता अनुकुल हुने गरी व्यवस्थापन गरिएको हुन्छ । नेपालमा वि.स. २०२३ सालमा स्थापना भएको हालको केन्द्रिय बहिरा विद्यालय सोही प्रकृतिको पहिलो विद्यालय हो । हाल नेपालमा बहिरा अपाङ्गता भएकाहरूका लागि १८ वटा, बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि १४ वटा र दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि १ वटा गरी ३३ वटा विशेष विद्यालय सरकारको अनुदानमा सञ्चालन भएका छन भने केही संघ संस्था निकायले समेत विशेष शिक्षा सञ्चालन गरेको पाईन्छ ।

### ३.२ एकिकृत शिक्षा

शैक्षिक कार्यक्रम सञ्चालन गर्ने क्रममा अपाङ्गता भएका बालबालिकालाई साङ्ग बालबालिकसँगै राखेर पठन-पाठनको व्यवस्था मिलाउने पद्धति एकिकृत शिक्षा पद्धति हो । यस किसिमको पद्धतिमा विद्यालय मूल प्रवाह प्रकृतिको हुन्छ र उक्त विद्यालयमा कुनै एक किसिमको (नेपालको अभ्यासमा) अपाङ्गता भएका बालबालिकलाई लक्षित गरेर विद्यालयको वातावरण तयारी गरिन्छ । अपाङ्गता भएका बालबालिकलाई शिक्षा दिने पहिलो विद्यालय काठमाडौ स्थित लेवोरेटरी माध्यमिक विद्यालय हो । यस विद्यालयमा वि.स. २०२१ सालदेसख नै एकिकृत शिक्षा सञ्चालन भएको पाईन्छ । एकिकृत शिक्षामा कुनै एक किसिमको अपाङ्गता भएका बालबालिकालागि लक्षित गरेर उनीहरूका आवश्यकतामा आधारित अतिरिक्त व्यवस्थापन मिलाईन्छ । साङ्ग बालबालिका सँगै सिक्ने अबसर प्राप्त हुने भएकाले विगत वर्षहरूमा यस पद्धतिलाई ठूलो प्राथमिकता दिईएको थियो ।

यस किसिमका विद्यालयहरू दृष्टिविहिन तर्फ १६ वटा, बहिरा तर्फ ५ वटा र शारीरिक अपाङ्गता तर्फ २ वटा सञ्चालन भईरहेका छन भने ३८० वटा समावेशी स्रोतकक्षाहरूले समेत थप विद्यालयहरूमा एकिकृत एवं समावेशी शिक्षा सञ्चालनमा सहयोग पुर्‍याएका छन ।

## ३.३ समावेशी शिक्षा

बालबालिका एक अर्कामा फरक फरक हुन्छन । फरकपन शारिरीक मानसिक, सामाजिक, आर्थिक, साँस्कृतिक आदि रूपमा अभिब्यक्त भएको हुन्छ । सरकार सबै बालबालिकलाई शिक्षाको पहुँच सुनिश्चित हुने घोषणा रहेको छ । सबै बालबालिकाको पक्तिमा केटा-केटी, साङ्ग-अपाङ्ग, धनी-गरीव, छिटो सिक्ने -ढिलो सिक्ने लगायत सबै पर्दछन । समावेशी शिक्षाले सबै किसिमको फरकपनलाई संवोधन गर्नुपर्दछ । हाम्रो देश बहुसाँस्कृतिक बहुभाषिक बहुजातीय भौगोलिक विविधता रहेको मुलुक हो । सबै किसिमको फरकपनलाई संवोधन, सम्मान एवं आत्मवोध गरी सोही अनुसारका कार्यक्रमको छनोट एवं कार्यान्वयनको ब्यवस्था मिलाउन नसकेसम्म शिक्षामा सवैको पहुँच सुनिश्चित गर्न सकिदैन । त्यसैले प्रत्येक विद्यालय समुदायलाई सवै किसिमका बालबालिकका आवश्यकतालाई स्वीकार एवं सम्मान गर्ने कार्यमा जिम्मेवार बनाउनका लागि समावेशी शिक्षा पद्धतिलाई एक प्रमुख मार्गदर्शन एवं रणनीतिका रूपमा लिईएको छ ।

अपाङ्गता भएका बालबालिकका लागि समावेशी शिक्षा भन्नाले शिक्षा पद्धतिलाई सबै अपाङ्गता भएका बालबालिकका लागि अनुकुल बनाउनु हो । विद्यालयको संरचना, कार्यरत शिक्षक कर्मचारीको प्रबृति, शिक्षणसिकाइ सामग्री विधि, पद्ति, मूल्यांकन पद्धति लगायतका पक्षहरूलाई अपाङ्गता मैत्री बनाउनु पर्दछ र सबै विद्यालय एवं शेक्षिक निकायहरूमा कुनै अबरोध विना भर्ना, सबै क्रियाकलापमा सहभागीता र सिकाइको अबसरको सुनिश्चिताको व्यवस्थापन भएको विद्यालय नै समावेशी विद्यालय हो । शिक्षा ऐनले दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा नै समावेशी शिक्षाको रूपमा परिभाषित गरेको छ भने सोही ऐनले बृहत रूपमा सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षालाई समेत समावेशी शिक्षाको रूपमा परिभाषित गरिएको छ ।

समावेशी शिक्षाको गन्तव्य भनेको मुलुक भरका सबै विद्यालयमा सबै अपाङ्गता भएका बालबालिकलाई ससम्मान विद्यालयमा भर्ना गर्ने, बालबालिकाको वैयक्तिक सिकाइ आवश्यकता पहिचान गर्ने, आवश्यकतामा आधारित सहयोग पद्धतिको विकास एवं कार्यान्वयनको विकास गर्दै समावेशी समाज निर्माण गर्नु हो ।

## ४ अपाङ्गताको परिभाषा एवं वर्गीकरण

परिभाषाः "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अबरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

**अपाङ्गताको वर्गीकरण**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले अपाङ्गतालाई १० किसिममा वर्गीकरण गरेको छ ।

### (क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्तिः-

१. शारीरिक अपाङ्गताः स्नायु, मांसपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठप्रभाव, मांसपेशीविचलन (मस्कुलर डिस्ट्रोफि), जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफिट पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाईभन्दा ज्यादै कमउचाई भएको व्यक्ति ।

**२. दृष्टिसम्बन्धी अपाङ्गताः दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,**

(क) दृष्टिविहीनताः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाईनको अक्षर(३/६०) मा पढ्न नसक्ने व्यक्ति

(ख) न्यूनदृष्टियुक्तः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाईनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीनः पूर्ण रूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

**३. सुनाइसम्बन्धी अपाङ्गताः सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने,**

(क) बहिराः असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) सुस्तश्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठी देखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

**४. श्रवण दृष्टिविहीन अपाङ्गता**ः सुनाइ सम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

**५. स्वर र बोलाई सम्बन्धी अपाङ्गता**ः स्वर र बोलाई सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।

**६. मानसिक वा मनोसामाजिक अपाङ्गता**ः मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

**७. बौद्धिक अपाङ्गता**ः उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो : डाउन्स सिन्ड्रोम समेत)

**८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता**ः अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

**९. अटिजम सम्बन्धी अपाङ्गता**ः जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तोः सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकास सँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति ।

**१०. बहुअपाङ्गता**ः एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तैः मस्तिष्क पक्षघात आदि)

(ख) अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण :

(१) **पूर्ण अशक्त अपाङ्गता**ः आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

(२) **अति अशक्त अपाङ्गता**ः वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

**(३) मध्यम अपाङ्गता**: भौतिक सुविधा, वातावरणीय अबरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

**(४) सामान्य अपाङ्गता**: सामाजिक तथा वातावरणीय अबरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।
स्पष्टीकरण :

१. "शारीरिक अङ्गहरूको बनौट र कार्य" भन्नाले शरीर सञ्चालनसम्बन्धी, दृष्टिसम्बन्धी, स्वर र सुनाइसम्बन्धी, मानसिक, मांसपेशी र स्नायुसम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यलाई जनाउँछ ।

२. "नियमित दिनचर्याका कार्यहरू र सामाजिक जीवनक्षेत्रमा सहभागिता" भन्नाले व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरु र सहभागितालाई जनाउँछ ।

३. "विद्यमान सामाजिक एवम् भौतिक वातावरणबाट सिर्जित अबरोध" भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अबरो धलाई जनाउँछ ।

४.सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि बौद्धिक अपाङ्गता र पूर्णअशक्तता भएका अपाङ्गव्यक्तिहरूका हकमा आमा, बाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई परिवारका सदस्य वा सरोकारवाला मानिनेछ ।

## ५ लक्षणका आधारमा अपाङ्गताको पहिचान र सहयोग

### १) शारीरिक अपाङ्गता

लक्षणहरू

- स्नायु, मांसपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको,
- शरीरका अङ्गहरु लल्याक लुलुक भएको, हिड्न डुल्न असजिलो हुने वा अप्ठेरो भएको,
- साना वस्तुहरु समाउन नसक्ने, हात टाउको वा पिठ्युँतिर लैजान कठिनाइ भएको,
- मेरूदण्ड एकातिर बाङ्गो भएको /मांशपेसीमा सङ्कुचन भएको,
- असामान्य अप्ठेरोपन वा कठिनाइ रहेको, शरीरका अङ्गहरू बिचमा सन्तुलन कायम गर्न कठिनाइ हुने वा नसक्ने, बोल्नका लागि समेत शरीरका अन्य अङ्गहरू अप्ठेरोसँग चल्ने , भाषिक सञ्चारमा कठिनाइ हुने,
- उचाइ अति ढिलो बढ्नु, बढ्नुपर्ने जति नबढ्नु वा नबढ्ने, (होचापुड्का)
- शरीर लगातार अप्ठेरो तरिकाले चलिरहने वा दरो हुने,
- पोलिए पश्चात आजीवन अपाङ्गता भएको, काटिएको, कुष्ठप्रभावित, मेरूदण्ड पक्षघात, प्यारालाईसिस, भएका वा अरू कुनै पनि सहायक सामग्री प्रयोग गर्ने बालबालिका सहयोग

शारीरिक अपाङ्गता भएका बालबालिकलाई आफ्नो घर नजिकैको विद्यालयमा भर्ना गर्नुपर्दछ । कुनै पनि विद्यालयको सेवाक्षेत्रभित्र रहेका बालबालिका भर्ना गर्ने दायित्व सम्बन्धित विद्यालयको हो ।

शारीरिक अपाङ्गताको अवस्थाका आधारमा विद्यार्थीका लागि अनुकुल हुनेगरी फर्निचरको व्यवस्था, बसाईको व्यवस्था, विद्यार्थीले प्रयोग गर्ने बैशाखी, क्रचेज, आदि सहयोग उपलब्ध गराउनु पर्दछ । यसका लागि विद्यालयले सम्बन्धित अभिभावक सम्बद्ध संघ संस्थासँग सहयोग लिने वा विद्यालयमा प्राप्त हुने पि.सि. एफ. नन् स्यालरी बजेट व्यवस्थापन गर्ने । कतिपय बालबालिकका लागि निरन्तर थेरापी लगायतका सहयोग उपलब्ध गराउनुपर्ने भएकाले पढाईका अतिरिक्त अस्पताल, स्थानिय स्वास्थ्य चौकि वा थेरापी सेन्टर, जस्ता ठाउबाट सहयोग लिनुपर्दछ । शारीरिक अपाङ्गता भएका अध्ययनरत विद्यार्थीले तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृति उपलब्ध गराउनु पर्दछ ।

### २) दृष्टिसम्बन्धी अपाङ्गताः

**लक्षणहरू**

क. पूर्ण दृष्टिविहीनता – कुनै पनि वस्तुको प्रतिबिम्ब,अध्यारो वा उज्यालो प्रकाशप्रति कुनै प्रतिक्रिया नजनाउने ।

ख) दृष्टिविहिनता–

- स्वतन्त्र हिड्दा असुरक्षित महशुस गरेको देखिने, कसैको साथमा सजिलोसँग हिडने र कुनै पनि वस्तु पाउनासाथ हातले छामिरहने ।
- औषधि शल्य चिकित्सा चस्मा वा लेस्सको प्रयोगबाट पनि दुवै आखाँले दश फिट टाढाको दुरीबाट हेर्दा हातका औलाहरु गन्न नसक्ने ।

ग. न्यून दृष्टियुक्त

- कुनै वस्तु समाएर हेर्न कोसिस गर्ने , सानासाना/मसिना अक्षर देख्न पढ्न असजिलो हुने
- धेरै नजिकका वस्तुहरु मात्र देख्ने वा हेर्नका लागि वस्तुलाई आँखाको नजिक लैजाने वा अनपेक्षित रूपमा नजिक गएर हेर्ने वा नजिक ल्याएर हेर्ने ।
- अपरझट आइपरेको वस्तुमा ठोकिने, हेरेको वस्तु धमिलो देख्ने, हेरेको वस्तु दुईओटा देख्ने,
- वस्तु हेर्दा आँखा सानो गरी खुम्च्याएर हेर्ने, ठूलो अक्षर मात्र पढ्न सक्ने
- पढ्दा पढ्दै, अक्षर, शब्द एवम् लाईन छोड्ने वा अल्मलिने
- कुनै वस्तु हेर्दा टाउको हल्लाउने, आँखाको गेडी हल्लिनु र अस्वभाविक रूपमा आखा झिमझिम गर्ने ।

सहयोग

दृष्टिविहीनहरुका लागि ब्रेल लिपिमा शिक्षा पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ। दृष्टिस(म्बन्धी अपाङ्गता पहिचान गर्न सकेमा पहुँचयुक्त सूचना प्रविधिको प्रयोगबाट दृष्टिविहीन व्यक्तिहरुले आवाजयुक्त रुपमा वा ठुलो अक्षर बनाएर पढ्न लेख्न र दैनिक व्यवहारका काम आफै गर्न सक्छन् ।

कठिनाइका साथ देख्ने न्युनदृष्टियुक्त अपाङ्गता भएका बालबालिकलाई आफ्नो घर नजिकैको विद्यालयमा भर्ना गर्ने विद्यार्थीलाई पर्याप्त मात्रामा उज्यालो आउने ठाउमा बसाईको व्यवस्था मिलाउने, चश्मा वा म्याङ्नेफाईङ ग्लासको प्रयोगको व्यवस्था मिलाउने, दृष्टिसमस्याका आधारमा नजिक देख्ने टाढा नदेख्नेका लागि अघिल्लो बेन्चमा नजिक नदेख्ने टाढा देख्नेहरुका लागि आँखा क्षमता परीक्षण गरी उपयुक्त ठाउमा बसाईको व्यवस्था मिलाउनु पर्दछ ।

देख्न नसक्ने एवं पढनका लागि ब्रेल लिपी प्रयोग गर्नुपर्ने अवस्थाका बालबालिकका लागि स्रोतकक्षा वा विशेष विद्यालयमा शिफारिस गरी पठाउने । सेतो छडी वा अन्य सहयोगी सामग्री उपलब्ध गराउने । अध्ययनरत विद्यार्थीले तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृति उपलब्ध गराउनु पर्दछ।

**३) सुनाइ सम्बन्धी अपाङ्गता,**

लक्षणहरू

क) बहिरा

- तीन फिटको दुरीबाट साधारण कुराकानी नसुन्ने, कुनै स्वर प्रति कुनै किसिमको प्रतिक्रिया नदेखाउने ।
- कसैले बालेर सञ्चार गर्दा ट्वाल्ल परिरहने, बोलीमा कुनै प्रतिक्रिया नजनाउने ।
- भाषिक सञ्चार गर्दा अर्काको मुखाकृतिमा ध्यान केन्द्रित गर्ने,

ख. सुस्त श्रवण समस्या पहिचान गर्ने तरिका

- निर्देशनमा अल्मलिने, कान ठाडो वा छड्के पारेर सुन्ने कोसिस गर्ने,
- आवाज दबेको सुनिने, बोल्दा कहिलेकाही अनपेक्षित रूपमा सारै सानो वा सारै ठूलो स्वर निकाल्ने,
- मुखले बोल्नु पर्ने कुराका लागि बढी इसारा प्रयोग गर्ने,
- हँ, के रे जस्ता शब्द दोहोर्‍याइ रहने, दाया/बायाबाट आएको आवाजप्रति प्रतिक्रिया नजनाउने,
- बोलीमा स्पष्टता नहुने, कुनै कुरा सोध्दा अर्को जवाफ दिने,

सहयोग

बहिरा अपाङ्गता भएका बालबालिकलाई सांकेतिक भाषामा शिक्षा पाउने अधिकार संविधानले सुनिश्चत गरेको छ । बालबालिकामा सुनाइको अवस्था समयमै पहिचान गर्न सकेमा बहिराहरुलाई सांकेतिक भाषामा र सुस्तश्रवण भएकाहरुलाई अनुकूल हुने सहयोगी सामग्री र सहयोग सहित गुणस्तरीय शिक्षा व्यवस्थापन गर्न सकिन्छ। केही मात्रामा सुन्ने सुस्तश्रवण अपाङ्गता भएका बालबालिकलाई श्रवणयन्त्र लगाउन सहयोग गर्ने, आफ्नो घर नजिकैको विद्यालयमा भर्ना गर्ने, सम्बद्ध शिक्षक एवं समकक्षी साथीहरुलाई बालबालिकाको समस्या सहयोगका विषयमा जानकारी गराउने, सुस्तश्रवण भएकाहरुसँग सञ्चार गर्दा श्रवणयन्त्र नजिकै वा पछाडिबाट चर्को स्वरमा नबोलाउने, अनुहार हेरेपछि सीधा देखिने गरी मात्र कुरा गर्ने, ओठको चाल स्पष्ट्र देखिने गरी प्रकाश पर्ने ठाउमा मात्र सञ्चार गर्ने , पठनपाठनका लागि अघिल्लो बेन्चमा बसाइ व्यवस्थापन गर्ने, शिक्षण सिकाइका कममा विशेष ध्यान दिने लगायतको सहयोग गर्नुपर्दछ ।

बहिरा(सुन्न नसक्ने) पढ्नका लागि साङ्केतिक भाषाप्रयोग गर्नुपर्ने अवस्थाका बालबालिकाका लागि स्रोतकक्षा वा विशेष विद्यालयमा शिफारिस गरी पठाउने ।

सुनाइ सम्बन्धी अपङ्गता भएका विद्यार्थीहरुलाई तोकिए बमोजिमको नर्म्स विधि र नियमानुसार छात्रबृति उपलब्ध गर्नुपर्दछ ।

**४) श्रवण दृष्टिविहीनता**

**लक्षणहरू**

- सुनाइ र दृष्टिसम्बन्धी दुबै अपाङ्गता एउटै व्यक्तिमा भएको अवस्था ।
- अर्थपूर्ण तरिकाबाट संचार गर्न अप्ठेरो हुने र सुचना ग्रहण गर्न समेत अप्ठेरो हुने ।
- आफनो र वरपरको वातावरणका बारेमा स्पष्ट धारणाको विकास नहुनु तसर्थवातावरण प्रति कुनै प्रतिकिया नदिने ।
- व्यक्तिगत सम्बन्ध विकास गर्न अप्ठेरो पर्ने, चिनेको व्यक्तिसंग मात्र बस्न रूचाउने र अपरिचित व्यक्ति छुँदा प्राय जसो प्रतिरक्षात्मक व्यवहार देखाउने, असुरक्षित महशुस गर्ने,
- सामन्य हिडडुलमा समेत अप्ठेरो पर्ने र अपरिचत स्थानमा जाँदा अप्ठेरो महसुस गर्ने ।
- प्राय आफूलाई मनपरेको कुरा प्राय दोह-याइ रहने (कसैले व्यगीतक्रगत बजाएको सुनिरहने मनपराउने, एकै प्रकारको खेलको क्रियाकलाप दोहो-याउने, एकै प्रकारको आवाज निकाल्ने आदि ।)
- स्पर्श संकेत बाहेक अन्य माध्यमबाट कुनै कुरा नबुझ्ने ।
- कसैमा सुनाइसम्बन्धी कम र दृष्टिसम्बन्धी बढी अपाङ्गता भएमा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिमा देखिने लक्षणहरू देखिने र सुनाइसम्बन्धी बढी अपाङ्गता भएमा सुनाइसम्बन्धी व्यक्तिमा देखिने लक्षणहरू देखिने ।

सहयोग

सुन्न र दृष्टि क्षमता नभएका वा कम भएका श्रवणदृष्टिविहिन अपाङ्गता भएका बालबालिकको समयमै पहिचान गर्ने उनिहरूको आवश्यकता अनुरूपको संचारको विधि तथा अनुकूल पाठ्यक्रम र सहयोगी सामग्री प्रयोग गरि आधारभुत सीप सहितको शिक्षा सुनिश्चित गरौं । श्रवण र दृष्टिविहिनता दुबै भएको व्यक्ति श्रवण दृष्टिविहिन (Deaf-Blind) अपाङ्ग हो । श्रवणदृष्टिविहिन बालबालिकमा कसैमा सुनाइको समस्या अधिक हुन्छ भने कसैमा दृष्टि सम्वन्धि समस्या अधिक हुन्छ । पुर्ण बहिरा र दृष्टिमा समस्या भएका बालबालीकालाई बहिरा श्रोतकक्षामा सिफारिस गरि उज्यालो, नजिक वा टाढाको देखाइ समस्या बुझि सोहि बमोजिम ब्यवस्था गर्न लगाउने तथा पुर्णरूपमा दृष्टिबिहिनलाई दृष्टिबिहिन श्रोत कक्षा वा विषेश विद्यालयमा सिफारीस गरि सुस्तश्रवण बालबालिकालाई गरिने ब्यवहार गर्ने । हल्का खालका श्रवणदृष्टिविहिन अपाङ्गता भएका बालबालिकलाई आफ्नो घर नजिकैको विद्यालयमा भर्ना गर्ने र कठिन अवस्थाका श्रवणदृष्टिविहिन बालबालिकाका लागि कार्यक्रम नया कार्यक्रम विकास गर्नु पर्दछ । श्रवणदृष्टिविहिन अपाङ्गता भएका अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृति उपलब्ध गराउनु पर्दछ ।

**५) स्वर/बोलाई सम्बन्धी अपाङ्गता:,**

**लक्षणहरू**

- उच्चारण अङ्गमा कठिनाइ उत्पन्न हुने, बोली स्पष्ट नहुने
- बोल्दा भक्भकाउने
- बोल्दा अक्षर अथवा शब्द दोहोरिने
- आफूले भन्न खोजेको कुरा तत्काल भन्न असजिलो हुने,
- कक्षामा बोल्ने प्रकृतिमा कार्यमा चिडचिडाहट हुने ।

सहयोग

सञ्चार गर्ने एवं शिक्षण का सन्दर्भमा स्वर/बोलाई सम्बन्धी अपाङ्गताका समस्या प्रति संवेदनशील हुन सकेमा सहज सुनिश्चित हुन्छ । स्वर र बोलाई सम्बन्धी अंगहरूमा उत्पन्न अप्ठेरोको कारण तथा बोल्न स्वरको उतार चढावमा कठिनाई, बोली स्पष्ट नहुनु, बोल्दा शब्द वा अक्षर दोहरिनु स्वर र बोलाई सम्बन्धी अपाङ्गता मानिनेछ । स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकामा बिशेष गरेर बोलाईमा कठिनाइ उत्पन्न भएको हुन्छ । कक्षाकोठामा शिक्षणसिकाइ गर्ने समयमा गरिने प्रश्नोत्तर तथा बोलाई सीपको विकास गर्न, उनिहरूको वो लाई अन्य सामान्य विद्यार्थी भन्दा अलिक असन्तुलित हुने भएकाले आत्म सम्मानमा चोट पुग्न नदिने वातावरण वनाउने । कक्षामा सञ्चालित शैक्षिक क्रिया कलापमा शिक्षकले विशेष ध्यान पुऱ्याउनु पर्दछ । जस्तै प्रश्नोत्तर गर्दा पर्याप्त समय दिने, लिखित प्रतिक्रियालाई मान्यता प्रदान गर्ने । स्वर वोलाई अपाङ्गता भएका अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृति उपलब्ध गराउनु पर्दछ ।

## ६ मानसिक एवं मनोसामाजिक अपाङ्गता

**लक्षणहरू**

- साथीभाइसँग टाढा हुनु, सामाजिक रूपमा घुलमिल हुन कठिनाइ पर्ने ।
- कुनै क्रियाकलापमा मन लगाउन र ध्यान दिन नसक्ने, झोक्राएर बस्ने, नैराश्यता बढ्ने, उदासिन हुने
- कसैले अनपेक्षित रूपमा धेरै बोल्ने वा कम बोल्ने,
- आफुसँग सम्बन्धित एवं असम्बन्धित विषयमा सोचिरहने र सोही आधारमा अनपेक्षित रूपमा बढी दुखी हुने वा खुसी हुने ।
- अधिक छटपटी हुने, दौडिने, कराउने रूनेकुनै रङ, चित्र, व्यक्ति देखेर डराउने,
- कम उमेरका बालबालिकाले जस्तो व्यवहार देखाउनु जसतै ओच्छ्यानमा पिसाव फेर्नु
- कानमा भ्रमित आवाज आउने, आँखाले भ्रमित दृश्यहरू देख्ने, कमजोर मनोवल भएर दैनिक सामाजिक, साँस्कृतिक क्रियाकलापमा सहभागीता नदेखाउने,

सहयोग

मानसिक एवं मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई मनोविमर्शकर्ता र मनोचिकित्सक वा यस क्षेत्रमा क्रियाशील विज्ञसँगको सम्पर्क समन्वय एवं परामर्शको आवश्यकता पर्दछ । घर विद्यालय एवं अन्य सम्बद्ध संघ संस्थाबाट उनीहरूलाई सामाजिक क्रियाकलापमा सहभागीता र सहयोगात्मक वातावरण उपलब्ध गराउनु पर्दछ । परिवारमा माया सञ्चारको वातावरण बनाउने, बालबालिकासँग धेरै समय विताउने, मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी गराउने, विद्यालयमा पहिचान भएका बालबालिका केन्द्रित विभिन्न क्रियाकलापको आयोजना गर्ने, बालबालिकको कुरा सुन्ने र विचार विमर्श गर्ने वातावरण तयार गर्ने, बालबालिकको व्यवहार वा भावनालाई गम्भीरतापूर्वक लिने जस्ता सहयोग निरन्तर रूपमा उपलब्ध गराउनु पर्दछ । अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृत्ति उपलब्ध गराउनु पर्दछ ।

## ७) बौद्धिक अपाङ्गता

**लक्षणहरू**

- उमेर अनुसार बौद्धिक विकास हुन नसकेको अवस्था जस्तै कपडामा नै पिसाव गर्ने, खान नजान्ने, लुगा लगाउन नजान्ने, लाज महशुस नगर्ने, आफ्नो बाबु आमा वा नातेदार नचिन्ने वा वेवास्ता गर्ने, धेरै माया खोज्ने वा माया गरेको थाहा नपाउने, आफुलाई चाहिएको कुरा माग गर्न नसक्ने ।
- उमेर वा वातावरण सापेक्ष क्रियाकलाप गर्न कठिनाइ हुने अवस्था, कम उमेरकासँग खेल्न रूचाउने
- असमान्य व्यवहार गर्ने जस्तैः पेन्सिलकपी टोक्ने,नडराउने वा बढी डराउने, आँखा नजुधाउने

वा जुधाएपनि असामान्य किसिमको व्यवहार गर्ने,सरल भाषा, फोटाहरू, गीत नृत्य मन पराउने

- कुनै विषयमा ध्यान केन्द्रित गर्न कठिनाइ हुने वा नसक्ने,
- कुनै कुरा ढिलो सिक्ने चाँडै बिर्सने, लामो निर्देशन नबुझ्ने, गृहकार्य, कक्षा कार्य नबुझ्ने, नगर्ने, वेवास्ता गर्ने वा आफ्नो इच्छा अनुसार मात्र गर्ने
- अकस्मात हर्ष र रोदन प्रकट गर्ने,भावनात्मक अभिव्यक्ति बुझ्न नसक्ने,कल्पना शक्ति कम भएको
- भाषासञ्चार स्पष्टसँगव्यक्त गर्न नसक्ने, आवाजको फरक छुट्याउन कठिन हुने
- बौद्धिक क्षेत्र, विश्लेषणगर्नुपर्ने विषय, गणित तुलनात्मक अध्ययन अनुमान गर्ने विषयमा कठिनाइ हुने वा गर्न नसक्ने डाउन सिन्ड्रोम

**लक्षणहरू**

- खुट्टाका बूढी औला र अरु औँला बीच फराकिलो भएको,
- नाक सानो र नाकको डाँडी नभएका , जोर्नीहरु र मांसपेसी खुकुलो भएको,
- गोलो अनुहार र आँखा केही छड्के भएको (बदाम आकारका), मुख सानो र मुखभित्रको तालुमा गहिरो भएको,
- जिब्रो मोटो र फुटेको जस्तो देखिने प्रायः बाहिर निकालिरहने र चुसिरहने,
- कान र टाउको सानो तर टाउको पछाडिको भाग फराकिलो भएको, छाती उठेको
- पाखुरा र पिडौलाको लम्बाइ छोटो भएको, घाँटी र औलाहरु छोटो र मोटा भएको,

सहयोग

१८ वर्षको उमेर अगावै बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलापहरू गर्न कठिनाई हुने व्यक्ति बौद्धिक अपाङ्गता हो । बौद्धिक विकासमा आएको अबरोधका कारणबाट कतिपय बालबालिका तीब्रखालका समस्या भएका, कतिपय मध्यम खालका र कतिपय हल्का खालको बौद्धिक अपाङ्गता भएका हुन्छन । यो अपाङ्गता भएका बालबालिका मध्ये तीब्र खालका बालबालिकामा भाषिक एवं शारीरिक अपाङ्गता पनि भएको देखिन्छ । कुनैपनि कुरा ढिलो सिक्ने, ठूलो प्रयास पछि सानो कुरा सिक्ने तर चाडै बिर्सिने जस्ता विशेषता भएको यो अपाङ्गता भएका बालबालिकालाईको वैयक्तिक क्षमताका आधारमा शिक्षण सिकाई गर्नु पर्दछ ।

बौद्धिक अपाङ्गता भएका बालबालिकाको समयमै पहिचान एवं सहयोग ( Early Identification and Intervention ) र बालबालिका अनुकूल हुने शैक्षिक सामग्री विधि पद्धति विकास गर्नु शैक्षिक प्रणालीको जिम्मेवारी हो । के सिक्न सक्दैन भन्दा पनि के सम्भव छ ? सम्भावनाको खोजी गरी वैयक्तिक अवस्थामा आधारित सिकाइ सम्भव छ ।

हल्का खालका बौद्धिक अपाङ्गता भएका बालबालिकलाई आफ्नो घर नजिकैको विद्यालयमा भर्ना गर्ने र मध्यम एवं तीब्र खालका बौद्धिक अपाङ्गता भएका बालबालिका लागि स्रोतकक्षा वा विशेष विद्यालयमा शिफारिस गरी पठाउने । बौद्धिक अपाङ्गता भएका अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृत्ति उपलब्ध गराउनु पर्दछ ।

## ८) अटिजम

### लक्षणहरू

- कुनै क्रियाकलाप एकोहोरो रूपमा पुनरावृति गरिरहने, एउटै शारीरिक चाल एवं व्यवहार बारम्बार देखाउने ।
- सिमित कार्य मात्र गर्न रूचाउने जस्तै एउटै मात्र खेल खेलिरहने ।
- साथी बनाउन कठिन हुने र सामाजिक क्रियाकलापमा सहभागी नहुने ।
- समय तालिका अनुसार नित्य कर्म बदलिदा दुखी हुने,परिवर्तन स्वीकार गर्न कठिनाइ हुने ।
- कुनै बस्तु प्रति अस्वभाविक लगाव देखाउने, कुनै वस्तुसँग अनौठो तरिकाले खेल्ने
- सञ्चारको कठिनाइले गर्दा बेचैन बनिरहने, बोलाउदा नसुने जस्तो गर्ने
- असान्दर्भिक हँसाइ वा रूवाइ जस्ता व्यवहार देखिने
- आँखामा आँखा जुधाउन कठिन हुने, आफ्नै किसिमले व्यस्त देखिने

अटिजम भएका बालबालिका चिन्नका लागि प्रयत्न गरौं । आवश्यकता अनुसार विज्ञको सहायता लिऔ । परिवार, शिक्षण संस्थाका बीचमा सहकार्य गरौं । बालबालिकाको सक्षमताको क्षेत्र पहिचान गर्न सकेमा उल्लेख्य उपलब्धि हासिल हुन्छ ।

हल्का खालका अटिजम अपाङ्गता भएका बालबालिकलाई आफ्नो घर नजिकैको विद्यालयमा भर्ना गर्ने र मध्यम एवं तीब्र खालका अटिजम अपाङ्गता भएका बालबालिकाको पठनपाठनका लागि स्थानीय तहले प्रादेशिक एवं संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा मानव विकास स्रोत केन्द्रसँग समन्वय गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

अटिजम भएका बालबालिकालाई कम उमेरमै पहिचान, उपचार एवं सहयोग उपलब्ध हुन सके मा उनीहरूको व्यवहारमा ठूलो परिवर्तन आउन सक्ने र अभिभावकहरूमा समेत अपाङ्गताको विषयमा स्पष्ट जानकारी भई सहयोग मिल्ने भएकाले विशेषज्ञ सेवा लिन उपयुक्त हुन्छ । अटिजम अपाङ्गता भएका अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृति उपलब्ध गराउनु पर्दछ ।

अटिजम अपाङ्गता भएका बालबालिका एक अर्कामा फरक फरक हुन्छन । उनीहरूको शैक्षिक अबसर सुनिश्चित गर्नका लागि सम्बन्धित अभिभावक एवं अभिभावकहरूको समूहसँग छलफल गरेर स्थानीय तहबाट कुनै विद्यालयलाई अटिजम अपाङ्गता स्रोतकक्षा तोक्न र सेवा प्रवाह गराउन सकिन्छ ।

### ९) हेमोफिलिया

**लक्षणहरू**

- खोप वा सुइ लगाउँदा धेरै सुन्निने र दुख्ने,
- मस्तिष्क वा पेटमा रक्तश्राव हुने तथा दिशापिसावबाट रगत वग्ने,
- दाँत फेर्दा अत्यधिक रक्तश्राव हुने वा लामोसमय सम्म रक्तश्राव भइरहने,
- हात खुट्टाका जोर्नीहरू,मांसपेशीहरू सुन्निने, निलडाम देखापर्ने वा अत्यधिक दुखाइ हुने,
- चोटपटक विना पनि घुडा, कुहिना वा गोलीगाँठा अत्यधिक सुनिने र दुखाई हुने,

हेमोफिलिया भएका व्यक्तिको पहिचान र सम्बन्धित ठाउमा सूचना पुर्‍याउन सकेमा दुखाई न्युनीकरण र  उपचारका लागि हामी आफै सहयात्री बन्न सकिन्छ । हेमोफिलिया भएका भएका व्यक्तिका लागि यससँग सम्बन्धित संघ संस्थासँग सम्पर्क समन्वय गरी औषधिको व्यवस्थापन गरी सहयोग गर्न सकिन्छ । बालबालिकालाई घाउ चोटपटक लाग्ने सम्भावना भएका क्रियाकलापमा सहभागी बनाउन हुदैन । हेमोफिलियमा अपाङ्गता भएका अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको विधि नर्म्स र नियम अनुसार छात्रबृति उपलब्ध गराउनु पर्दछ ।

**१०. बहु अपाङ्गता र अन्य अपाङ्गता : एउटै व्यक्तिमा एक भन्दा बढी अपाङ्गता रहेको अवस्था नै बहु अपाङ्गता हो ।**

समग्रमा बालबालिकामा कुन किसिमको अपाङ्गता छ भन्ने विषय प्रमुख नभएर कुन बालबालिकासँग के सक्षमता छ भनेर पहिचान गर्ने र सोही आधारमा सहयोग जुटाउन सकेमा अपाङ्गता भएका बालबालिकमा शैक्षिक पहुँच सुनिश्चित गर्न सकिन्छ ।

## ६. कार्यगत सीमितता ( Functional Limitation ) का आधारमा अपाङ्गता पहिचान

अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३ ले विद्यालय विश्व विद्यालय तथा शिक्षालयहरूका विभिन्न तहमा भर्ना गर्दा सबै अपाङ्गता भएका विद्यार्थीहरूलाई कार्यगत सीमितताका आधारमा लेखाजोखा गर्ने नीति ल्याएको छ । विश्व स्वास्थ्य संगठनले सन २००१ मा सञ्चार गर्ने, हिडडुल गर्ने, सिकाई गर्ने, स्वयं हेरचाह गर्ने, समकक्षी सरह जिम्मेवारी बहन गर्ने क्षमतालाई कार्यगत सीमितता लेखाजोखा गर्ने आधार बनाईएको छ । कार्यगत सिमितताका आधारमा लखाजोखा गर्ने कार्यलाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले समेत उठान गरेको छ ।

कार्यगत सीमितताका आधारमा गरिने लेखाजोखाको साधन वासिंङ्गटन ग्रुपले अन्तराष्ट्रिय स्तर मा परीक्षण गरिएको फाराम प्रयोग हुदै आएको छ । नेपालमा उक्त लेखाजोखाको फारामलाई सरो कारवाला  संघ/संस्थासँग छलफल पश्चात तयार गरिएको छ । उक्त लेखाजोखा फाराम अनुसची ४ मा राखिएको छ ।

कुनै विद्यालय वा स्थानीय तह वा कुनै संघ संस्था निकायले यो फाराम प्रयोग गरे कार्यगत सीमितता लेखाजोखा गर्न सक्दछन । यसका लागि फारामको राम्रोसँग अध्ययन गर्नु पर्दछ । यसका लागि दुई वटा वेग्ला बेग्लै फाराम प्रयोग गरिन्छ । पहिलो फारामले बालबालिकासँग सामान्य सूचना संकलन गरिन्छ भने दोस्रो फाराममा बालबालिकाको कार्यगत क्षमता सम्बन्धी प्रश्नहरू समावेश गरिएको छ । यसमा उल्लेख भएका सरल प्रश्नहरू आफै बुझेर वा अरू बुझेको व्यक्तिसँग छलफल गरेर प्रक्रिया अगाडि बढाउन सकिन्छ । यो फाराममा उल्लेख भएको कैफियत महलले लेखाजोखालाई सरल र छिटो बनाउन सहज बनाउन सक्दछ ।

स्थानीय तहलाई विशेष अनुरोध

तपाई अपाङ्गता भएका व्यक्तिका लागि केही गर्न चाहनु हुन्छ ? तर के गर्ने भन्नेमा अलमलमा हुनुहुन्छ भने तपाईले सबै भन्दा पहिले आफ्नो स्थानीय तह वा काम गर्न खोजेको विद्यालय वा समुदायमा कार्यगत सीमितताका आधारमा लेखाजोखा गर्न उपर्युक्त हुन्छ । लेखाजोखाले कस कसमा कस्तो कस्तो समस्या छ भन्ने सूचना दिन्छ । जस्तै कति जनामा देख्नमा समस्या छ ? कति जनाामा सञ्चार गर्न नसक्ने अवस्था छ ? कस कसमा हिडनमा समस्या छ ? कतिजनामा सिकाइमा समस्या छ ? कस कसमा जिम्मेवारी बहन गर्न नसक्ने समस्या छ ? जस्ता विषयको जानकारी हुन्छ । यस सूचनालाई कार्यक्रम बनाउने आधार बनाउन सकियो भने कार्यान्वयन सहज हुन सक्छ ।

यसका लागि अनुसचीमा ४ रहेको कार्यगत सीमितता (**Functional Limitation**) का लेखाजोखा फाराम प्रयोग गर्न पर्दछ ।

## ७ संवैधानिक,कानुनी एवम् नीतिगत व्यवस्था

### क) नेपालको संविधान, २०७२

नेपालको संविधान २०७२ को मौलिक चरित्र यसको समावेशी पक्ष हो । नेपाल सरहद भित्र रहेका सबै खालको विविधतालाई संबोधन गर्ने क्रममा दर्जनौ ठाउँमा समावेशी शब्द प्रयोग गरिएको छ । शिक्षासँग सम्बन्धित केही महत्वपूर्ण विषय देहाय अनुसार रहेका छन् ।

धारा ३१ (१) प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहँचको हक हुनेछ ।

धारा ३१ (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिकसम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ ।

धारा ३१ (३) अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

धारा ३१ (४) दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ

बालबालिकाको हक :

धारा ३९ (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

धारा ३९ (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

धारा ३९ (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

धारा ३९ (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

धारा ३९ (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

धारा ३९ (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

धारा ३९ (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

धारा ४२ (३) अपाङ्गता भएका नागरिकहरूलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

### ख) शिक्षा ऐन २०२८ (संसोधन २०७२)

### शिक्षा ऐन २०२८ (संसोधन २०७३)

दफा २ :

"विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।"

"(घ१क) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :- (१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

दफा ६क.

"६क. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : (१) मन्त्रालयले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाकोसञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(१ख) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(१ग) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका

बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।"

### ग) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४

दफा २१ निशुल्क शिक्षा उपलब्ध गराउनेसम्बन्धी व्यवस्था,

दफा २२ छात्रबृतिसम्बन्धी व्यवस्था

दफा २३ गुणस्तरीय शिक्षाको सुनिश्चितता ।

ऐनले नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा सरकारबाट अनुदान प्राप्त विद्यालयले निशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने, भर्ना हुदा कुनै शुल्क लिन नपाईने, आवश्यकता अनुसारको सामग्री उपलब्ध गराउने, पहुँचयुक्त सूचना प्रविधिको प्रयोग गर्ने, अपाङ्गता अनुकुलका सामग्री विकास, अपाङ्गता अनुकुल मूल्यांकन पद्धतिको प्रयोग लगायतका विषयहरू ऐनमा समेटिएका छन । अपाङ्गता भएका विद्यार्थीका लागि आवश्यकतामा आधारित छात्रबृति, विशेष विद्यालयको भौतिक पूर्वाधार एवं अन्य सेवा सुविधा विस्तार गर्ने, अपाङ्गता भएका विद्यार्थी एवं शिक्षकलाई तालिमको व्यवस्था गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने प्रावधान ऐनमा व्यवस्था भएका छन ।

### घ) समावेशी शिक्षा नीति, २०७३

नेपाल सरकारको २०७३ पुष २६ गतेको निर्णयबाट अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा नीति २०७३ जारी भएको छ । नीति, रणनीति र कार्यनीति देहाय अनुसार रहेका छन ।

अपाङ्गता भएका हरेक बालबालिकाका लागि सबै तहमा क्षमता र योग्यताका आधारमा निशुल्क शिक्षाका अबसरहरु खुला गरिनेछ ।

२. विद्यालय, विश्वविद्यालय तथा शिक्षालयहरुमा अपाङ्गता भएका विद्यार्थीहरु भर्ना गर्दा वैज्ञानिक प्रणालीमा आधारित वस्तुगत परीक्षण (Functional Assessment) गर्ने व्यवस्था गरिने छ ।

३. प्रारम्भिक बाल शिक्षा देखि उच्च शिक्षासम्म पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइसामग्री, सन्दर्भ सामग्रीहरु र परीक्षा तथा मूल्याङ्कन प्रणाली अपाङ्गता अनुकूल हुने गरी सुनिश्चित गरिने छ ।

४ अपाङ्गता भएका विद्यार्थीको सर्वाङ्गीण विकासका लागि सबै प्रकारका विद्यालय, विश्वविद्यालय तथा शिक्षालयलाई अपाङ्गतामैत्री, छात्रामैत्री, बालमैत्री र हिंसारहित सिकाइ केन्द्रका रुपमा विकास गरिने छ।

५. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश अनुरुप दक्ष एव प्रतिस्र्धी नागरिक तयार गर्न अपाङ्गतामैत्री प्रविधि अनुकूल पाठ्यक्रम, पाठ्यसामग्री तथा शैक्षिक सामग्रीहरु विकास गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गरिने छ ।

६. अपाङ्गता भएका नागरिकहरुलाई प्राविधिक शिक्षामा समान, सहज र सुगम पहुँच सुनिश्चित गरी श्रमबजारका लागि सक्षम जनशक्ति निर्माण गरिने छ ।

७. दिगो विकासका लागि अपाङ्गताका प्रकार अनुकूल हरितसीप (Green Skills) मा आधारित जीवनोपयोगी र सीपमूलक गुणस्तरीय शिक्षा उपलब्ध राइनेछ ।

८. पहुँचयुक्त नवीनत सूचना प्रविधिमा आधारित अपाङ्मैत्री शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिने छ ।

९. विपद् व्यवस्थापनका सबै चरणमा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षाका लागि आवश्यक व्यवस्था गरिने छ ।

१०. अपाङ्गता भएका नागरिकहरूको अधिकारलाई वास्तविक जीवनमा रूपान्तरण (Make the Right Real and Functional) गर्न अपाङ्गता अनुकूलको शिक्षा सुनिश्चित गरिने छ ।

११. समावेशी शिक्षाका सन्दर्भमा समय सापेक्ष खोज, अध्ययन, अनुसन्धान तथा योजना तर्जुमाका लागि तथ्याङ्कीय सूचनाको आधार (Database) तयार गरी अपाङ्गता (बहुअपाङ्गता, डाउनसिन्ड्रम, मस्तिष्क पक्षघात, अटिजम, बौद्धिक अपाङ्गता, हेमोफिलिया, बहिरा तथा सुस्तश्रवण, दृष्टिविहीन, श्रवणदृष्टिविहीन, शारीरिक अपाङ्गता, स्वर बोलाई अपाङ्गता, सिकाइ सम्बन्धी अपाङ्गता) भएका नागरिकका लागि आवश्यकतामा आधारित गुणस्तरीय जीवनपर्यन्त शिक्षा सुनिश्चित गरिने छ।

१२. अपाङ्गता भएका नागरिक तथा व्यक्तिका शिक्षा हासिल गर्न पाउने अधिकार सुनिश्चित गर्न तथा समावेशी शिक्षालाई समयसापेक्ष सुधार गर्न एक समावेशी शिक्षापरिषद् हनेछ ।

१३. अपाङ्गता भएका बालबालिका, नागरिक तथा व्यक्तिका लागि शिक्षाको अबसर सुनिश्चित गर्न आवश्यक मानव संसाधन, संरचना एव संयन्त्रको विकास तथा व्यवस्था गरिने छ ।

## रणनीतिहरू

अपाङ्गता भएका हरेक नागरिकलाई गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम र प्रतिस्पर्धी नागरिकका रूपमा तयार गर्नका लागि तय गरिएका समावेशी शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्न निम्न लिखित रणनीतिहरू अबलम्बन गरिनेछन् ।

१. अपाङ्गता भएका हरेक बालबालिकाको प्रतिस्पर्धात्मक क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक, खुला तथा दूर शिक्षा र निरन्तर सिकाइको व्यवस्था गर्ने ।

२. अपाङ्गता भएका बालबालिकाका लागि विभिन्न निकायहरूबाट प्राप्त हुने छात्रवृत्तिलाई एकद्वार प्रणालीबाट वितरण गर्ने ।

३. अपाङ्गता भएका विद्यार्थीहरूलाई विद्यालय, विश्वविद्यालय तथा शिक्षालयहरूका विभिन्नतहमा भर्ना गर्दा उनीहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा (Functional Assessment) गर्ने ।

४. प्रारम्भिक बाल शिक्षा देखि उच्चतहको शिक्षा सम्म अपाङ्गताको आवश्यकता अनुसार पहुँचयुक्त ढाँचा (Accessible Format) मा बहुपाठ्य सामग्रीको व्यवस्था सहित विषय छनोटको अबसर सुनिश्चित गर्ने ।

५. प्रारम्भिक बाल शिक्षा देखि उच्चशिक्षासम्म अपाङ्गताको आवश्यकतामा आधारित पहुँचयुक्त ढाँचा (Accessible Format) मा परीक्षा तथा मूल्याङ्न प्रणाली समायोजन गर्ने ।

६. सबै सार्वजनिक, सामुदायिक तथा संस्थागत रूपमा सञ्चालित शैक्षिक संस्थाहरूलाई हिंसारहित र समावेशी संस्कृति (Inclusive Culture) को मूल्यमान्यता अनुकूल बनाउने ।

७. अपाङ्गता र वातावरण बीच हुने अन्तरकृया स्वरूप व्यक्तिको सहभागितामा हुनगएको अबरोध न्यूनीकरण गर्न तथा पहुँचयुक्त वातावरण निर्माण र उपयुक्त सहायता सेवा प्रदान गरी शैक्षिक अबसरहरु सुनिश्चित गर्ने ।

८. श्रमबजारको माग र अपाङ्गताका विशिष्टता अनुसार विद्यालय तथा विश्वविद्यालयका प्राविधिक शिक्षामा भर्ना प्रक्रियालाई सहज बनाउने ।

९. पाठ्यक्रम र शैक्षिक सामग्रीहरू नवीनतम प्रविधिमा आधारित बनाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।

१०. अपाङ्गता भएका नागरिकहरूलाई आत्मनिर्भर बनाउन दिगोविकासका लागि हरितसीप (Green Skills)मा आधारित जीवनोपयोगी सीपमूलक शिक्षा र तालिमको अबसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरवलोकन गर्ने ।

११. अपाङ्गतामैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नवीनतम सूचना प्रविधिमा आधारित दक्षमानव स्रोत विकास गर्ने ।

१२. अपाङ्गता भएका व्यक्तिहरूलाई विपद् व्यस्थापनको पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापना र पुननिर्माणमा प्राथमिकता दिने ।

१३. राष्ट्रिय स्वयंसेवा परिचालन कार्यक्रममा सहभागिता तथा जीवनपर्यन्त निरन्तर शिक्षा सुनिश्चित गर्न नमुना साझेदारी प्रणाली विकास गर्ने ।

१४. समावेशी शिक्षा सम्बन्धी खोज, अध्ययन, अनुसन्धान तथा योजना तर्जुमाका लागि एकीकृत तथ्याङ्कीय सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।

१५. विशेष शिक्षा परिषद्को अनुदानमा सञ्चालित विद्यालयहरूलाई सामुदायिक विद्यालय सरह व्यवस्थित गर्नका लागि एकै पद्धति र प्रक्रिया अबलम्बन गर्ने ।

१६. अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाका शिक्षाका लागि नीति तथा कार्यक्रमहरू निर्माण गरी सम्बद्ध निकायमा सिफारिस गर्न एक अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा परिषद् गठन गर्ने ।

१७. विभिन्न सरकारी तथा गैरसरकारी निकायद्वारा अपाङ्गताको क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूमा समन्वय र सहजीकरण गर्न सङ्घीय संरचना अनुरूप केन्द्रमा एक नीति समन्वय समिति र प्रदेश तथा स्थानीय तहमा उपयुक्त संरचनाको व्यवस्था गर्ने ।

## कार्यनीतिहरू

१. औपचारिक शिक्षा, खुला तथा दूर शिक्षा र जीवनपर्यन्त निरन्तर शिक्षा प्रदानगर्न मौजुदा संरचनामा समावेशी सिद्धान्तका आधारमा समाहित गरिने छ ।

२. मौजुदा संरचनाका अतिरिक्त आवश्यकता अनुसार वैकल्पिक ढाँचा (Alternative Mode) सहितको नयाँ संरचना निर्माण गरिनेछ ।

३. बौद्धिक अपाङ्गता, अटिजम, डाउनसिन्ड्रोम, श्रवणदृष्टिविहीन लगायतका विकासात्मक अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकाकालागि अध्ययन वर्ष र सिकाइका आधारमा खुला तहमा आधारित विद्यालयहरु सञ्चालनको व्यवस्था गरिनेछ ।

४. अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको अवस्था, भौगोलिक अवस्था तथा दूरी, गरिबीको अवस्था र प्रतिभाका आधारमा छात्रवृत्ति वितरण गरिनेछ ।

५. अपाङ्गता सहितका सुविधाविहीन अनाथ, गरिब, पिछडिएका तथा बहिष्करणमा परी दोहोरो मार (Double Disadvantaged) को अवस्थामा रहेका बालबालिकाका लागि प्राथमिकतामा राखी छात्रवृत्ति एवम् शैक्षिक सहुलियतका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

६. अपाङ्गता भएका बालबालिकालाई स्थानीय निकाय मार्फत छात्रवृत्ति वितरण गरिनेछ र सोका लागि स्थानीय निकायहरूमा निश्चित अनुपातमा बजेट विनियोजन गर्ने व्यवस्था गरिने छ ।

७. अपाङ्गता भएका नागरिकहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी निर्देशिका, २०६५ बमोजिम गठित परिचयपत्र सिफारिस समितिको सिफारिसमा जिल्लास्थित महिला तथा बालबालिका कार्यालयले प्रदान गरेको परिचयपत्रको आधारमा गरिने छ ।

८. अपाङ्गता भएका नागरिकहरूको कार्यगत तथा बौद्धिक क्षमता लेखाजोखा (Cognitive Assessment) गर्ने कार्य समेतकालागि सम्बन्धित जिल्लामा रहेका लेखाजोखा केन्द्रहरूको सुदृढीकरण एव पुर्नसंरचना गरिनेछ ।

९. अपाङ्गता भएका नागरिकहरूका लागि अपाङ्गताले पार्ने प्रभावका आधारमा विषय र भाषा छनोटको अबसर प्रदान गरिनेछ ।

१०. श्रवणदृष्टिविहीनका लागि स्पर्श सञ्चार माध्यमका पाठ्यसामग्री, बहिराकालागि साङ्केतिक भाषा, बौद्धिक अपाङ्गता, डाउनसिन्ड्रोम र अटिज्म भएका व्यक्तिका लागि चित्रात्मक (Visual Support) र सरल पाठ्य सामग्री, दृष्टिविहीनका लागि ब्रेललिपि तथा श्रव्य पुस्तकहरू, सुस्तश्रवणका लागि नोटटेकर र न्यूनदृष्टियुक्तका लागि ठूलो छापा सहित डिजिटल सामग्रीको विकास गरिनेछ ।

११. अपाङ्गताको विशिष्ट आवश्यकताका आधारमा वैयक्तिक सिकाइ योजना तथा शिक्षण विधिहरू अपनाइने छ ।

१२. अपाङ्गता अनुकूल हुनेगरी वैकल्पिक मूल्याङ्कनका विविध विधिहरू अपनाइने छ ।

१३. परीक्षा तथा मूल्याङ्कन पद्धतिमा अधिकतम रूपमा सूचना प्रविधिको उपयोग गरिनेछ ।

१४. शैक्षिक संस्थाहरूलाई हिंसा रहित वातावरण र समावेशी संस्कृति (Inclusive Culture) को मूल्य र मान्यता बारे अभिमुखीकरण गरिनेछ ।

१५. समावेशी शिक्षासँग सम्बन्धित आधारभूत मानकहरू (Inclusive Education Minimum Enabling Conditions) निर्धारण गरिनेछ ।

१६. समावेशी शिक्षाका लागि विद्यार्थी तयारी, परिवार तयारी, शिक्षक तयारी, विद्यालय तयारी एवं समग्र शिक्षा प्रशासनको तयारीका लागि अभिमुखीकरण, प्रवोधीकरण र आवश्यक निर्देशिकाहरू निर्माण गरिनेछ ।

१७ अपाङ्गता भएका नागरिकका लागि शैक्षिक संस्था भित्ररहने भौतिक संरचनाहरू (भवन, कक्षाकोठा,

पुस्तकालय, खाजाघर, शौचालय, प्रयोगशाला, खेलमैदान) अपाङ्गता मैत्री एवम् अबरोधमुक्त बनाइनेछ ।

१८. शिक्षण संस्थाहरूमा सञ्चालन गरिने खेलकुद तथा मनोरञ्जनका क्रियाकलापहरूमा अपाङ्गताका प्रकृति अनुसारको पहुँच सुनिश्चित गरिनेछ ।

१९. अपाङ्गता भएका व्यक्तिहरूलाई शैक्षिक क्रियाकलापहरूमा सहभागी हुन आवश्यक पर्ने पथप्रदर्शक, वाचक, साङ्केतिक भाषा दोभाषे, नोटटेकर, क्याप्सनर (लिपिसङ्केतक) लगायतका वैयक्तिक सहयोग, सहायक प्रशिक्षक, सहायक सामग्री र उपकरण निशुल्क उपलब्ध गराइनेछ ।

२०. अपाङ्गता भएका नागरिकहरूका लागि प्राविधिक शिक्षामा सहज पहुँच सुनिश्चितगर्न प्राविधिक विषयका विद्यालयहरू, विश्वविद्यालयहरू र शिक्षालयहरूको क्षमता अभिबृद्धि र श्रमबजारमुखी सीपविकास सम्बन्धी कार्यक्रमहरू निर्माण गरिनेछ ।

२१. मापदण्डमा आधारित गुणस्तर सुधार र न्यूनतम सिकाइको वातावरण निर्माण गरी सिकाइ सामग्रीहरूको चयन नवीनतम प्रविधिमा आधारित बनाइनेछ ।

२२. हरितसीप (Green Skills) र कुशलसीप (Soft Skills) मा आधारित गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शैक्षिक अबसरहरूको विविधीकरण गरिनेछ ।

२३. सूचना तथा सञ्चार प्रविधिलाई समावेशी शिक्षाको अभिन्न अङ्ग बनाई अपाङ्गता अनुकूल प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

२४. अपाङ्गता भएका नागरिकका लागि शिक्षण गर्ने सबै प्रकारका शिक्षक तथा प्रशिक्षकलाई समावेशी शिक्षा सम्बन्धी स्तरयुक्त तालिम निरन्तर प्रदानगर्ने र सहयोगी कर्मचारी तथा आयाका लागि अभिमुखीकरण गरिनेछ ।

२५. अपाङ्गताको प्रकृति अनुरूप सिकाइ दक्षता अभिवृद्धिगर्न आवश्यक मानवसंसाधन विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२६. साङ्केतिक भाषा, स्पर्शसञ्चार र अन्य अपाङ्गता अनुकूल सञ्चारका वैकल्पिक सञ्चारका माध्यमहरूको विकास र स्तरीकरण गरिनेछ ।

२७. अपाङ्गता भएका नागरिकहरू अनुकूल जीवनपर्यन्त निरन्तर शिक्षा सुनिश्चित गर्न मौजुदा शैक्षिक ढाँचाको पुनरावलोकन तथा नयाँ संरचनाको विकास सहित घुम्तीशिक्षा प्रणालीको व्यवस्था गरिनेछ ।

२८. विशेष शिक्षा परिषद्को अनुदानमा सञ्चालित विद्यालयहरूलाई सामुदायिक विद्यालय सरह व्यवस्थित गरी सोमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सेवासुविधा र शर्तमा समसामयिक सुधार गरिनेछ ।

२९. शैक्षिक संस्था एवं छात्रावासहरूलाई भूकम्प प्रतिरोधी बनाई अन्य प्रकोप समेतको जोखिम न्यूनीकरण गर्न अपाङ्गता भएका बालबालिका र सम्बन्धित शैक्षिक संस्थालाई  सुरक्षा तयारीका सीप प्रदान गरिनेछ ।

३०. सम्भावित प्रकोपको क्षति न्यूनीकरणका लागि आवश्यक उपाय अबलम्बन गर्न तथा प्रकोपको समयमा सुरक्षित उद्दार र राहत उपलब्ध गराउन सम्बन्धित अभिभावक र स्वयंसेवकहरूलाई प्राथमिकता सहित क्षमता अभिवृद्धि गराइनेछ ।

३१. विपद्पश्चात् अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्य जीवनमा पुनर्स्थापित गर्न परामर्श सेवा, मनोसामाजिक सल्लाह लगायतका उपायहरु अबलम्बन गरिनेछ ।

३२. विपद्पश्चात गरिने पुनस्थापना र पुनर्निर्माणको चरणमा बन्ने अस्थायी र स्थायी भौतिक संरचनाहरु अपाङ्गता मैत्री बनाइनेछ ।

३३. सार्वजनिक क्षेत्र, निजीक्षेत्र, रोजगार प्रदायक संस्था, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा सीपका अबसरहरु विस्तार गरिनेछ ।

३४. नमुना साझेदारीको अबधारणा विकासगर्न संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) लाई संस्थागत गरिनेछ ।

३५. अपाङ्गता भएका नागरिकहरूलाई उनीहरूको सीपमा आधारित राष्ट्रिय स्वयंसेवा परिचालन कार्यक्रममा सहभागिताका अबसरहरु विस्तार गरिनेछ ।

३६. अपाङ्गता भएका नागरिकहरूको अधिकारलाई वास्तविक जीवनमा रूपान्तरण गर्न (Make the Right Real and Functional) अपाङ्गता अनुकूल जीवन पर्यन्त निरन्तर शिक्षा सुनिश्चित हुने गरी तदनुकूलको सिकाइ तथा शैक्षिक ढाँचा र संरचनाको विकास गरिनेछ।

३७. समावेशी शिक्षाका सन्दर्भमा समय सापेक्ष खोज अनुसन्धान गर्नका लागि शिक्षा मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरु र जिल्ला शिक्षा कार्यालयहरूमा समावेशी अनुसन्धान एकाइ स्थापनागरी ती एकाइहरूलाई तथ्याङ्क तथा सूचनाको उपयोगगरी अनुसन्धानात्मक, जनचेतनामूलक एवं प्रवर्द्धनात्मक कार्य गर्न जिम्मेवार बनाइनेछ ।

३८. विशेष शिक्षा परिषद्को अनुदानबाट सञ्चालित विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई सामुदायिक विद्यालयको नियमित दरबन्दीमा रूपान्तरण गरिनेछ ।

३९. अपाङ्गता भएका नागरिकका लागि शिक्षण गर्ने शिक्षकहरु र हेरचाह गर्ने आया तथा सहयोगीहरूका लागि सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी सरहको पारिश्रमिक लगायतका सेवा सुविधा उपलब्ध गराइनेछ ।

४०. विशेष शिक्षा नीति, २०५३ बमोजिम गठित विशेष शिक्षा परिषद्लाई पुर्नसंरचना गरी शिक्षा मन्त्रीको अध्यक्षतामा विषयगत मन्त्रालयहरु तथा अन्य सम्बद्ध निकायहरूको समेतको प्रतिनिधित्व हुने गरी अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा परिषद् गठन गरिने छ ।

४१. समावेशी शिक्षा परिषदले अपाङ्गता भएका नागरिकका लागि विभिन्न निकायहरूबाट सञ्चालित कार्यक्रमहरूलाई समन्वयात्मक एवम् एकद्वार प्रणाली अन्तर्गत सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

४२. यो नीति, रणनीति र कार्यनीतिको समन्वय, नियमन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि सम्बन्धित सरकारी निकाय र अपाङ्गता भएका व्यक्ति र निजका अभिभावकद्वारा सञ्चालित संस्थाहरु, गैर सरकारी संस्थाहरूका प्रतिनिधि, अपाङ्गताको शिक्षा एव तालिम सँग सम्बन्धित व्यक्ति, विज्ञ र निकायहरु समेत रहनेगरी शिक्षा मन्त्रालय, योजना महाशाखाका प्रमुखको संयोजकत्वमा एक नीति समन्वय समिति, शिक्षा विभागका महानिर्देशकको संयोजकत्वमा एक कार्यक्रम समन्वय समिति र सोको समग्र कार्यान्वयनका लागि जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा जिल्ला कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

## ८. अपाङ्गता भएका बालबालिका लागि सञ्चालित कार्यक्रम

### ८.१ विशेष विद्यालय

शिक्षा ऐनको दफा २ को संसोधित प्रावधान अनुसार "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।" भनी परिभाषित गरिएको छ । अपाङ्गता भएका बालबालिका लागि अपाङ्गता अनुकुल हुनेगरी व्यवस्थापन गरिएको शिक्षण सिकाइ विधि प्रक्रिया एवं विद्यालय व्यवस्थापन नै विशेष शिक्षा हो । अपाङ्गता भएका बालबालिकाका लागि मात्र लक्षित गरी सञ्चालित विद्यालय नै विशेष विद्यालय हो । नेपाल सरकार को स्रोतबाट विशेष विद्यालयको रूपमा सञ्चालन भएका विद्यालयहरू अनुसुची १ मा रहेका छन ।

**क) विशेष विद्यालय अनुमतिका आधारहरू**

**विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका २०६० ले विशेष विद्यालय सञ्चालनका लागि देहाय बमोजिमको आधार तोकेको छ ।**

कुनै सङ्घ संस्था, निकाय वा व्यक्तिलाई विशेष विद्यालय सञ्चालन गर्न अनुमति दिने आधारहरु :

कुनै सङ्घसंस्था, निकाय वा व्यक्तिलाई आफ्नै स्रोतबाट विशेष विद्यालय सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने आधारहरु देहायअनुसार हुने छन् ।

बहिरा एवम् सुस्तश्रवणतर्फ :–

क) संस्थागत एवम् सामुदायिक विशेष विद्यालय सचालन अनमथिका लागि अनुसूची २ मा उल्लेख भए अनुसार विद्यार्थी हुनुपर्ने,

ख) विद्यालयमा बहिरा एवम् सुस्तश्रवण बालबालिकालाई आध्यापन गराउन सक्ने, शिक्षा नियमावलीमा तोकिए बमोजिमका योग्यता पुगेका र कम्तीमा ५ महिनाको सांकेतिक भाषा तालिम प्राप्त अनुसूची – २ मा उल्लेख भए अनुसार शिक्षकको व्यवस्था हुनपर्ने,

ग) विद्यालयको आफ्नै भवन, अपाङ्गताता अनुकूल हुने फर्निचर, कम्पाउन्ड सहितको खेलमै दान हुनुपर्ने वा भाडामा लिएको भए उपयुक्त सबै सुविधा युक्त घर हुनुपर्ने र घरवालासँग कम्तीमा ५ वर्षको सम्झौता हुनपर्ने ।

घ) विद्यालयमा भर्ना भएका बहिरा तथा सुस्तश्रवण बालबालिकाको कम्तीमा एक पटक श्रवणशक्ति परीक्षण गरिएको हुनुपर्ने ।

ङ) बहिरा एवम् सुस्तश्रवण बालबालिकाका लागि अनुकूल हुने गरी अतिरिकत क्रियाकलाप एवम् खेलकूद सामग्रकिो व्यवस्था भएको हुनपर्ने

च) आवसीय विद्यालय सवंचालन गर्ने विद्यालयले आवास सञ्चालन पद्धति र चाहिने स्रोतको स्पष्ट उल्लेख हुनुपर्ने ।

छ) विद्यालय सञ्चालन प्रक्रिया, भौतिक तथा मानवीय स्रोतसहितको ५ वर्षे भावी

कार्ययोजना संलग्न हुनुपर्ने ।

ज) सांकेतिक भाषा पूर्ण संचार माध्यमद्वारा अध्यापन गर्न सहयोगी हुने शिक्षण सामग्रीको व्यवस्था हुनुपर्ने ।

झ) विद्यालयका शिक्षक कर्मचारीहरूको सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्थाका लागि स्वीकृत विनियम पेश गर्नुपर्ने ।

**बौद्धिक अपाङ्गता :-**

क) संस्थागत एवम् सामुदायिक विशेष विद्यालय सञ्चालन अनुमतिका लागि अनुसूची २ मा उल्लेख भए अनुसारको विद्यार्थी हुनुपर्ने,

ख) विद्यालयमा बौद्धिक अपाङ्गता भएका बालकालिकालाई अध्यापन गराउन सक्ने, शिक्षा नियमावलीमा तोकिए बमोजिमका योग्यता पुगेका र कम्तीमा ५ महिनाको बौद्धिक अपाङ्गताको क्षेत्रसँग सम्बन्धित तालिम प्राप्त अनुसूची – २ मा उल्लेख भएअनुसार शिक्षकको व्यवस्था हुनुपर्ने ।

ग) विद्यालयको आफ्नै भवन, अपाङ्गता अनुकूल हुने फर्निचर कम्पाउन्ड सहितको खेलमैदान हुनुपर्ने वा भाडामा लिएको भए उपर्युक्त सबै सुविधायुक्त घर हुनुपर्ने र घरवालासँग कम्तीमा ५ वर्षको सम्झौता हुनुपर्ने ।

घ) बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि अनुकूल हुने गरी अतिरिक्त क्रियाकलाप एवम् खेदकूद सामग्रीको व्यवस्था भएको हुनुपर्ने ।

ङ) आवासीय विद्यालय सञ्चालन गर्न चाहने विद्यालयले आवास सञ्चालन पद्धति र सोका लागि चाहिने स्रोतको स्पष्ट उल्लेख हुनुपर्ने ।

च) विद्यालय सञ्चालन प्रक्रिया भौतिक तथा मानवीय स्रोत सहितको ५ वर्षे भावी कार्ययोजना संलग्न हुनुपर्ने ।

छ) बौद्धिक अपाङ्गता क्षेत्रमा अध्यापन एवम् सहयोग गर्न आवश्यक पर्ने शिक्षण सिकाइसँग सम्बन्धीत सामग्रीहरूको व्यवस्था हुनुपर्ने,

ज) विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्थाका लागि स्वीकृत विनियम पेश गर्नुपर्ने ।

निर्देशिकामा समावेश भएको अनुसची २ जानकारीका लागि यहा समावेश गरिएको छ ।

**क) सङ्घ संस्था निकाय वा व्यक्तिले विशेष विद्यालय सञ्चालन अनुमति लिन आवश्यक विद्यार्थी विवरण :-**

| क्र.स. | अपाङ्गता क्षेत्र | तराई/उपत्यका | पहाड | हिमाल |
|---|---|---|---|---|
| १ | सुस्त श्रवण एवम् बहिरा | ३० | २५ | २० |
| २ | दृष्टिविहिन | २५ | २० | १५ |
| ३ | बौद्धिक अपाङ्गता | २५ | २० | १५ |
| ४ | शारीरिक अपाङ्गता | ४० | ३० | १५ |

**ख) विशेष विद्यालयका शिक्षक विद्यार्थी अनुपातसम्बन्धी विवरण :-**

| क्र.स. | अपाङ्गताता क्षेत्र | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|
| १ | सुस्त श्रवण एवम् बहिरा | १:१२ |
| २ | दृष्टिविहिन | १:१० |
| ३ | बौद्धिक अपाङ्गता | १:८ |
| ४ | शारीरिक अपाङ्गता | १:१८ |

### ८.२ एकिकृत विद्यालय

अपाङ्गता भएका बालबालिकाका सिकाई आवश्यकता अन्य समकक्षी साङ्ग बालबालिका भन्दा फरक हुन्छ । सञ्चालनमा रहेको मूल प्रवाहको विद्यालयमा अपाङ्गता भएका बालबालिकालाई साङ्ग बालबालिका सँगै राखेर पठनपाठनको व्यवस्था मिलाउने पद्धति एकिकृत शिक्षा पद्धति हो । यस किसिमको पद्धतिमा कुनै एक किसिमको अपाङ्गता भएका बालबालिकालाई लक्षित गरेर विद्यालय वातावरणमा सुधार गर्ने, शिक्षक तयारी गर्ने, अपाङ्गता अनुकुल हुने गरी पाठ्यसामग्रीको विकास एवं उपलब्धता एवं प्रयोग र मूल्यांकन गर्ने गरिन्छ । एकिकृत शिक्षा सञ्चालन भएका विद्यालय अनुसुची २ मा समाबेश गरिएको छ ।

### ८. ३ स्रोतकक्षा (अपाङ्गता भएका बालबालिकाका लागि )

#### ८.३.१ अबधारणा

सामान्यतया सबै विद्यालयहरूले आफ्नो सेवा क्षेत्रका सबै बालबालिकलाई विद्यालयमा भर्ना गरी पठनपाठनको व्यवस्था मिलाउनु पर्दछ । अपाङ्गता भएका बालबालिकाको आवश्यकता अन्य समकक्षी बालबालिकको भन्दा पृथक हुन्छ । बालबालिकामा रहेको फरक सिकाइ आवश्यकतालाई संबोधन गर्नका लागि सबै विद्यालयहरू पूर्ण रूपमा तयारी नभएको विद्यमान अवस्थामा नेपाल सरकारले केही विद्यालयहरूमा स्रोतकक्षा सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । स्रोतकक्षाको अबधारणालाई देहाय अनुसार बुझ्न सकिन्छ ।

**क) विद्यालय शिक्षाका लागि पूर्व तयारी :**

अपाङ्गता भएका बालबालिकाका अवस्था फरक फरक हुन्छन । उमेर मिल्दा अन्य समकक्षी बालबालिकासँगै पठनपाठन गर्नका लागि अरू धेरै तयारी गर्नुपर्दछ । तयारी गर्ने कक्षा स्रोतकक्षा हो । जस्तै दृष्टिविहिन बालबालिका देख्न सक्दैनन उनीहरूले विद्यालयको भौगोलिक अवस्था, कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान लगायतका कुनै पनि कुरा थाहा पाएका हुदैनन । त्यसैले उनीहरूलाई वातावरणसँग परिचित गराउने पहिलो काम स्रोतकक्षाको हो । त्यस्तै नदेख्ने बालबालिकाको लागि पाठ्यपुस्तक ब्रेललिपीमा तयार पारिएको छ । दृष्टिविहिनहरूका लागि ब्रेल लिपी सिकाउनका लागि यो जनाबद्ध प्रयास आवश्यक हुन्छ । जस्तै ब्रेल अवस्थामा जानु पूर्व प्रि बेलको अवस्था, ब्रेल सिकाइका आधारभुत विषय सिकाउने जिम्मेवारी दृष्टिविहिन स्रोतकक्षाको हुन्छ ।

बहिरा बालबालिका सुन्न सक्दैनन । उनीहरूले भाषिक सञ्चार साङ्केतिक भाषाको माध्यमबाट गर्दछन । साङ्केतिक भाषा सिकाउदै सञ्चार सीपको विकास गराउने विद्यालय पूर्व तयारीका कामहरू बहिरा स्रोतकक्षामा गर्ने गरिन्छ ।

बौद्धिक अपाङ्गता भएका बालबालिकामा अन्य समकक्षी बालबालिकामा जस्तो बौद्धिक विकास हुदैन । बौद्धिक विकासमा भएको ढिलाईसँगै शारीरिक स्फूर्तिमा समेत असर गरिररहेको हुन्छ । यसैले उनीहरूको अवस्था अनुकुल हुने गरी सहयोगात्मक पद्धतिको विकास गर्न स्रोतकक्षा सञ्चालन गरिएको हुन्छ ।

**ख) सामग्री विकास एवं संकलनको स्रोतकक्षा :**

अपाङ्गता भएका बालबालिकालाई सिकाउनका लागि विभिन्न किसिमका सामग्रीहरूको आवश्यकता पर्दछ । जस्तै नदेख्नेलाई छामेर सुँघेर सिक्ने सामग्री, नसुन्नेलाई सिकाइ सहजीकरण गर्ने सामग्री, बौद्धिक अपाङ्गता भएकालाई बौद्धिक कम प्रयोग हुने अति सरल सहज र आकर्षक सामग्रीहरू । जुन अपाङ्गता क्षेत्रमा आफ्नो स्रोतकक्षा सञ्चालन भएको छ । त्यो स्रोतकक्षाले बालबालिकाको सिकाइ आवश्यकता पुरा गर्ने सामग्रीहरू बनाउने र प्रयोग गर्ने काम गर्नु पर्दछ ।

**ग) अपाङ्गता अनुकुलन मूल्यांकन गर्ने कक्षा**

विद्यालयमा साङ्ग, अपाङ्गता भएका विद्यार्थीहरू अध्ययन गर्दछन । अपाङ्गता भएका बालबालिकाको अवस्था विशिष्ट किसिमको हुन सक्छ । जस्तै सांकेतिक भाषामा सञ्चार गर्ने विद्यार्थीको मुल्यांकन गर्नका लागि भाषा बुझ्ने शिक्षकको आवश्यकता हुन्छ । सबै शिक्षकहरूले अपाङ्गता भएका विद्यार्थीहरूको मूल्यांकन गर्न नसक्ने हुदा स्रोतकक्षा एवं स्रोतशिक्षकको त्यसको व्यवस्था मिलाउनु पर्दछ । निर्माणात्मक मूल्यांकनका माध्यमबाट शिक्षण सिकाइलाई अगाडि बढाउन पर्ने भएकाले स्रोतशिक्षकले अपाङ्गता भएकाहरूको निरन्तर मूल्यांकन गरिररहनु पर्दछ । मूल्यांकन एवं शिक्षण सिकाइका लागि जस्तै ब्रेलमा लेखेकोलाई प्रिन्ट अक्षरमा बनाउने, साँकेतिक भाषामा अभिव्यक्त गरेको विषयलाई बोली भाषामा रूपान्तरण गर्ने (दोभाषे) बौद्धिक अपाङ्गता भएकाहरूका लागि अवस्था पहिचान गरी आवश्यकता अनुसार सहयोग गर्नुपर्दछ ।

**घ) वैयक्तिक अभिलेख एवं वैयक्तिक योजना बनाउने**:

अपाङ्गता भएका बालबालिकाको लागि के सिकाउने ? के सिकिसकेको छ ? अब के सिकाउनु पर्दछ ? सिकाउनका लागि सबै भन्दा अनुकुल स्थान, सामग्री के हुन सक्छ ? जस्ता विषयमा योजना बनाउने जस्ता अति प्राविधिक कार्य गर्नका लागि स्रोतकक्षाको अबधारणा आएको हो ।

**ङ) वैयक्तिक सिकाइ आवश्यकता संबोधन गर्ने** :

पठनपाठनका शिलशिलामा अपाङ्गता भएका बालबालिकाले जटिल महशुस गरेका विषयलाई संबोधन गर्नका लागि स्रोतकक्षा उपयोग गर्ने गरिन्छ । कुनै बालबालिकालाई थप फरक किसिमको सिकाइ गर्नका लासिग समेत स्रोत कक्षा प्रयोग गर्न सकिन्छ ।

**च) अन्य शिक्षकसागको सम्पर्क समन्वय गर्ने** :

अपाङ्गता भएका बालबालिकाको वैयक्तिक समस्या, जटिलता एवं सक्षमताको अध्ययन गरेर अन्य समकक्षी शिक्षकहरूसँग सम्पर्क समन्वय एवं सञ्चार गर्ने बेग्लै स्रोतकक्षाको अबधारणा आएको हो ।

**छ) स्रोतयुक्त शिक्षक** :

स्रोतकक्षाको स्रोतशिक्षक ज्ञान सीप धारणाका दृष्टिले अपाङ्गताको क्षेत्र प्रति संवेदनशील हुन्छ भन्ने मान्यता रहेको छ । स्रोतशिक्षकसँग अपाङ्गता भएकाहरूलाई चिन्ने, सहयोगका क्षेत्र पहिचान गने र्, शिक्षण सिकाईका विविध आयाम बुझ्ने र कार्यान्वयन गर्नका लागि आवश्यक मानवीय एवं अन्य स्रोत रहेको हुन्छ ।

## ८.३.२ स्रोतकक्षा व्यवस्थापन समितिको गठन

सामुदायिक विद्यालयमा सञ्चालित स्रोतकक्षाको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि स्रोतकक्षा रहेको प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक स्रोतकक्षा व्यवस्थापन समिति अभ्यासमा रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| क) | सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको | अध्यक्ष | – | अध्यक्ष |
| ख) | सम्बन्धित विद्यालयको | प्र.अ. | – | सदस्य |
| ग) | सम्बन्धित वडाध्यक्ष | | – | सदस्य |
| घ) | अपाङ्ग बालबालिकाका अभिभावकहरूमध्येबाट कम्तीमा १ जना महिलासमेत रहनेगरी स्रोतकक्षा व्यवस्थापन समितिले मनोनीत गरेको २ जना | | – | सदस्य |
| ङ) | अपाङ्ग व्यक्ति मध्येबाट १ जना समितिले मनोनित | | – | सदस्य |
| च) | विशेष शिक्षा फोकल पर्सन | | – | सदस्य |

छ) सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति – सदस्य

ज) सम्बन्धित विद्यालयको स्रोत शिक्षक – सदस्य

### ८.३.३ स्रोतकक्षा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क) स्रोतकक्षा सञ्चालन र आवासको लागि भौतिक एवम् शैक्षिक पूर्वाधार विकास गर्ने ।

ख) स्रोतकक्षाको वार्षिक कार्ययोजना स्वीकृत गरी सोही बमोजिम कार्यान्वयन गर्ने गराउने ।

ग) स्थानीय तहमा जनचेतना एवम् जागरण कार्यक्रम सञ्चालन गर्ने गराउने ।

घ) स्रोतकक्षाका स्थायित्वका लागि आवश्यक व्यवस्था गर्ने ।

ङ) स्रोतकक्षाका लागि आवश्यक पर्ने थप स्रोतहरू जुटाउने ।

च) अपाङ्गहरूका लागि जीवनोपयोगी, सीपमूलक तथा व्यवसायमूलक तालिम सञ्चालनका निमित्त सरकारी तथा गैर सरकारी निकायसँग समन्वय कायम गर्ने ।

छ) स्रोतकक्षामा रहने बालबालिकाको हेरचाह एवम् स्याहारसुसार गर्नका लागि आयाको व्यवस्था मिलाई काममा लगाउने ।

ज) विद्यार्थीहरूको अभिलेख अद्यावधिक गराउने ।

झ) कम्तीमा वर्षमा एकपटक अभिभावक भेला गराई प्रगति विवरण तथा आर्थिक विवरण प्रस्तुत गर्ने गराउने ।

ञ) जिल्ला तथा राष्ट्रियस्तरमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउने ।

ट) स्रोतकक्षाको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्न जि.शि.का. तथा लेखाजोखा केन्द्र परिचालन समितिले दिएका नीति निर्देशनहरू पालन गर्ने गराउने ।

ठ) आवासीय छात्रवृत्ति वा अन्य स्रोतबाट प्राप्त हुने रकमको बाँडफाँड र नियमानुसार भएको खर्चको अनुमोदन गर्ने ।

ड) स्रोतकक्षामा शैक्षिक गुणस्तर विकास गर्न आवश्यक सहयोग गर्ने गराउने ।

ढ) अपाङ्ग बालबालिकालाई सम्भव भएसम्मका शैक्षिक कार्यक्रम तथा अन्य क्रियाकलापहरूमा एकिकृत गर्ने गराउने ।

### ८. ३. ४ स्रोतकक्षामा विद्यार्थी भर्नाका आधार

क) बहिरा स्रोतकक्षामा भर्ना हुने विद्यार्थी

  अ) सुन्न नसक्ने बहिरा विद्यार्थी

  आ पठनपाठनका लागि सांकेतिकभाषा प्रयोग गर्नुपर्ने बालबालिका

ख) दृष्टिविहिन स्रोतकक्षामा भर्ना हुने बालबालिका

  अ) देख्न नसक्ने,

  आ) पढन लेख्नका लागि ब्रेल लिपी आवश्यक पर्ने बालबालिका

ग) बौद्धिक अपाङ्गताका स्रोतकक्षामा भर्ना हुने बालबालिका
   अ) अपेक्षित मात्रामा बौद्धिक विकास हुन नसकेका
   आ) सिकाइका लागि वैकल्पिक योजना एवं सहयोगको व्यवस्था गर्नुपर्ने बालबालिका

### ८. ३. ५. स्रोतकक्षामा भर्ना गर्दा आवश्यक कागजात

अ) १६ वर्ष नपुगेको

आ) अपाङ्गता परिचय पत्र ( यसका लागि विद्यालयले भर्ना पछि सहजीकरण गर्न सक्ने)

इ) जन्म दर्ता अभिलेख

ई) अभिभावकको कबुलियतनामा वा सडक बालबालिका वा अनाथ भएमा निजको जिम्मेवारी लिने संरक्षक संस्थाको कबुलियतनामा ।

कुनै पनि अभिभावक विहिन अनाथ बालबालिकाको अभिभावक स्थानीय गाउपालिका वा नगर पालिका हुनसक्छ । स्थानीय तहलाई सहयोग गर्नु हामी सबैको कर्तव्य हो ।

### ८. ३. ६. स्रोतकक्षामा उपलब्ध हुने बजेट

स्रोतकक्षा सञ्चालनका लागि आवश्यक बजेट स्थानीय तहबाट निकासा हुने व्यवस्था गरेको छ । स्रोतकक्षामा निकासा बजेट र सम्पादन गर्नुपर्ने क्रियाकलापको जानकारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको छ ।

### ८. ३. ७. स्रोतकक्षाका न्यूनतम सक्षमताका अवस्थाका सूचक

स्रोतकक्षालाई व्यवस्थित रूपमा सञ्चालन गर्न गराउनका लागि देहाय बमोजिमको न्युनतम सक्षमताको अवस्था तोकिएको छ ।

**१ दृष्टिविहिन विद्यार्थीहरूका लागि सञ्चालित स्रोतकक्षाको न्युनतम सक्षमताको अवस्था**

**१. १. विद्यार्थी भर्ना व्यवस्थापन**

क) भर्ना भएका सबै दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाले अपाङ्गता परिचय पत्र प्राप्त गरेका ।

ख) विद्यालयको मूल भर्ना रजिष्ट्ररमा भर्ना अभिलेख रहेको ।

ग) भर्नाका समयमा बालबालिकाको ब्यक्तिगत, पारिवारिक, शारीरिक मानसिक अवस्था सूचना लिई व्यक्तिगत अभिलेख व्यवस्थित रूपमा राखेको ।

घ) प्रारम्भिक बालविकासका लागि ४ वर्षको र अन्य कक्षाका लागि ५ देखि १६ वर्ष उमेर समूहका विद्यार्थी भर्ना गरेको ।

## १.२. मानवीय जनशक्ति

क) सबै किसिमका अपाङ्गताको सामान्य आधारभुत जानकारी पाएको, दृष्टिसम्बन्धी अपाङ्गता चिन्न सक्ने, ब्रेललिपी, पढन लेख्न सक्ने र गमनशीलताको आधारभुत जानका प्राप्त आधारभुत तहका लागि १ जना र माध्यमिक तहका लागि १ जना शिक्षक कार्यरत रहेको ।

ख) दृष्टिसम्बन्धी अपाङ्गताका भएकाहरूका सामान्य समस्या बुझेका र बालबालिका प्रति सकारात्मक दृष्टिकोण भएका विद्यालयका प्रधानाध्यापक, शिक्षक स्टाफ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेका।

ग) दृष्टिसम्बन्धी बालबालिकाका वैयक्तिक आवश्यकता प्रति सचेत सहयोगी आयाको व्यवस्था ।

## १.३. भौतिक अवस्था

क. पर्याप्त मात्रामा हावा प्रकाशको व्यवस्था भएको, लिपपोत गरिएको, पूर्णरूपमा सर सफाईयुक्त दुईवटा कक्षा कोठाको व्यवस्था ।

ख. दृष्टिविहिन बालबालिका मैत्री स्रोतकक्षाका झ्याल ढोका एवं फर्निचर सजिलोसँग बस्न मिल्ने कुर्सी, बेन्च वा चिसो नआएने गरी व्यवस्थापन गरिएको चकटी, कम्तीमा ब्रेल स्लेटको प्रयोग गरी लेख्न मिल्ले टेवुल, डेक्स वा अन्य व्यवस्था भएको ।

ग) विद्यालयको शौचालय, खेलमैदान, पुस्तकालय, प्रयोगशालामा जान एवं प्रयोग गर्न सक्ने गरी व्यवस्थापन गरिएको ।

घ) स्रोतकक्षामा ब्रेल पाठ्य पुस्तकलाई नखप्टिने (ठाडो गरी राख्ने) एवं ब्रेल डट नविग्रिने गरी राख्ने व्यवस्थाका लागि बुकर्‍याकको व्यवस्थाभएको र विद्यार्थीले प्रयोग गर्ने व्यवस्था मिलाएको ।

## १.४. शिक्षण सिकाइ व्यवस्थापन

क) भर्ना भएका प्रत्येक विद्यार्थीको सिकाइको अवस्था हेरी बैयक्तिक शैक्षिक योजना तयार भएको ।

ख) बैयक्तिक योजनाको आधारमा शिक्षण सिकाइ भइ कक्षागत रूपमा विद्यार्थी कक्षोन्नति भएको ।

## १.५. सहायक र सिकाइ सामग्रीको व्यवस्था

क) प्रि ब्रेल अवस्थाका बालबालिकका लागि सेन्सरी ज्ञानेन्द्रिय विकास गर्न अनुकुलहुने सामग्री (गोलाकारका साना ढुङ्गा, विभिन्न आकारका पोते, मकै, दाल,सिमी, बोडी कोदो, तोरी आदि) व्यवस्थापन र प्रयोग र ब्रेल सिकिसकेका बालबालिकका लागि विषयसँग सम्बन्धित सामग्रीको संकलन, व्यवस्थापन, एवं प्रयोगको व्यवस्था,

ख) स्पर्शीय चित्र, नक्सा, ब्रेल टाइपराईटर वा कम्प्यूटर

ग) नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक अनुसार ब्रेललिपीमा तयार पारिएका पाठ्यपुस्तक प्रत्यक विद्यार्थीले प्राप्त गरी प्रयोग गरेको ।

घ) प्रत्येक विद्यार्थीका लागि कम्तीमा १ वटा स्लेट स्टाईलसको व्यवस्था भएको ।

ङ) प्रत्येक विद्यार्थीले सेतो छडी प्राप्त गरेका

## १.६. एकिकृत एवं समावेशी पद्धती

क) विद्यालयको सदस्य विद्यार्थीको भर्ना एवं अभिलेख व्यवस्थापन भएको ।

ख) विद्यालयको दैनिक हुने प्रार्थना, विभिन्न सामाजिक दिवस, सरस्वती पूजा वा अन्य सबै विद्यार्थी उपस्थित हुने कार्यक्रममा दृष्टिविहिन अपाङ्गता भएका विद्यार्थी समान रूपमा सहभागी भएको ।

ग) प्रि बेल एवं ब्रेल सिक्ने क्रियाकलाप, विशेष सहयोग लिने अवस्था बाहेकका सिकाइ क्रियाकलापका लागि अन्य समकक्षी साथीहरूसँग बस्ने गरेको ।

घ) नियमित पाठ्यक्रम अनुसार नै मूल्यांकन गरेको तर मूल्यांकनमा दृष्टिविहनमैत्री साधन प्रयोग भएको जस्तै ब्रेल लिपी, लिखितको सट्टा मौखिक, सहायक राखेर लेख्ने ।

ङ) कम्तीमा वर्षको एक पटक विद्यालय वस्थापन समितिमा स्रोतकक्षा सञ्चालन एवं प्रगति सम्बन्धमा छलफल भई निर्णय हुने गरेको ।

## १.७. पारदर्शीता एवं सु-शासन

क) स्रोतकक्षामा प्राप्त भएको सहयोगको रेकर्ड अद्यावधिक भएको ।

ख) आवाशीय सुविधा लिएर अध्ययन गरिररहेका बालबालिकाको नामवली भित्तामा टाँसिएको ।

## १.८. आवाश व्यवस्थापन (आवाश रहेको अवस्थामा मात्र)

क) छात्रा र छात्रका लागि वेग्लाबेग्लै सुत्ने कोठाको व्यवस्था, पोशाक, वैयक्तिक सामग्री राख्ने व्यवस्था मिलाईएको ।

ख) सरसफाइयुक्त भान्साकोठा, विहान, दिउसो साँझ कम्तिमि ४ पटक खाजा खानाको व्यवस्थाका लागि साप्ताहिक रूटिङ्गको व्यवस्था गरी कार्यान्वयन गरिएको ।

ग) आवाश व्यवस्थापन सम्बन्धमा कम्तीमा वर्षको एक पटक सम्बन्धित अभिभावकहरूसँग छलफल एवं बैठक बसेको

घ) शौचालय एवं स्वच्छ खानेपानीको व्यवस्था

## १. ९. विद्यालय वातावरण एवं गमनशीलता

क) सबै दृष्टिविहिन बालबालिकासँग सेतो छडी उपलब्ध भएको

ख) सबै दृष्टिविहिन विद्यार्थीहरूले विद्यालयको समग्र वातावरण (कक्षाकोठा, प्रधानाध्यापकको कोठा, शिक्षक स्टाफ कोठा, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, शौचालय, खानेपानी, मञ्चको जानकारी पाएको ।

ग) विद्यार्थीहरूकालागि दैनिक चर्या समयतालिका एवं स्वावलम्बन सीप (विहान सबेरै उठने, दाँत ब्रस गर्ने, हातमुखधुने, नुहाउने, सफा कपडा जुत्तामोजा लगाउन आदि) विकासको कार्यक्रम सहितको योजना र कार्यान्वयन ।

### १. १० अतिरिक्त क्रियाकलाप

क) वार्षिक रूपमा विद्यालयमा सञ्चालन हुने खेलकुदहरूमा कम्तीमा एक खेल दृष्टिविहिन मैत्री र दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाको सहभागीता हुने गरेको ।

ख) इन्डोर गेम, मनोरञ्जनका सामग्री १ क्यासेट प्लेयर, मादलको व्यवस्था भएको र विद्यार्थीहरूको आन्तरिक क्षमता प्रस्फुटन एवं विकासका लागि विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागीता ।

### १.११. विपद व्यवस्थापन

क) भुकम्प, आगलागी, बाडी, पहिरो जस्ता विपद आइ परेमा सुरक्षा एवं प्रतिकार्य योजना बनेको,

ख) शिक्षक स्टाफ, विद्यार्थी र आयालाई सो सम्बन्धी जानकारी गराईएको ।

### १.१२ ) अनुगमन निरीक्षण

क) स्रोतकक्षा निरीक्षण एवं अनुगमन एवं आगन्तुक पुस्तिका व्यवस्था भएको

ख) विद्यालय निरीक्षण एवं अनुगमन गर्न खटिएको पदाधिकारीहरूले अनुगमन गरेको ।

ग) प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिबाट कम्तीमा ३ महिनामा एक पटक अनुगमन गरेको ।

## २ बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरुका लागि सञ्चालित स्रोतकक्षाको न्युनतम सक्षमताको अवस्था

### .२. १. विद्यार्थी भर्ना व्यवस्थापन

क) भर्ना भएका सबै बौद्धिक अपाङ्गताभएका बालबालिकाले अपाङ्गता परिचय पत्र प्राप्त गरेका ।

ख) विद्यालयको मूल भर्ना रजिष्ट्रमा भर्ना अभिलेख रहेको,

ग) भर्नाका समयमा बालबालिकाको ब्यक्तिगत, पारिवारिक, शारीरिक मानसिक अवस्था लगायतको सूचना लिई व्यक्तिगत अभिलेख व्यवस्थित रूपमा राखेको ।

घ) प्रारम्भिक बालविकासका लागि ४ वर्षको र अन्य कक्षाका लागि ५ देखि १८ वर्ष उमेर समूहका विद्यार्थी भर्ना गरेको ।

### २ .२. मानवीय जनशक्ति

क) सबै किसिमको अपाङ्गताको सामान्य आधारभुत जानकारीका साथै बौद्धिक अपाङ्गता चिन्न सक्ने, बालबालिकाको प्रगती र आवश्यकताको हिसाबले बालबालिकाको वर्गीकरण गर्न सक्ने, स्वाबलम्वन, व्यावहारिक सीप एवं बौद्धिक अपाङ्गता सम्बन्धी आधारभुत सीप एवं जानकारी, प्राप्त १ जनाशिक्षक कार्यरत रहेको

ख) बौद्धिक अपाङ्गताका भएकाहरूका सामान्य समस्या बुझेका र बालबालिका प्रति सकारात्मक दृष्टिकोण भएका विद्यालयका प्रधानाध्यापक, शिक्षक स्टाफ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेका ।

ग) बालबालिकाका वैयक्तिक आवश्यकता प्रति सचेत सहयोगी आयाको व्यवस्था ।

**२ .३. भौतिक अवस्था**

क. पर्याप्त मात्रामा हावा प्रकाशको व्यवस्था भएको, लिपपोत गरिएको, पूर्णरूपमा सरसफाईयुक्त एक स्रोतकक्षा ।

ख. चिसो नआएने गरी व्यवस्थापन गरिएको पार्केटिङ्ग, कार्पेटिङ्ग, वा स्थानीय तहबाट व्यवस्थापन गरिएका गुन्द्री सुकुल चकटीको व्यवस्था मिलाईएको ।

ग) कक्षाकोठाको झ्याल ढोकाका चुकुलहरू भित्र बाहिर दुबैतिरबाट लगाउन एवं खोल्न मिल्ने गरी व्यवस्था मिलाईएको ।

घ) विद्यार्थीको उचाइसँग मिल्ने कालोपाटी सेतोपाटीको व्यवस्था, शैक्षिक सामग्री राख्ने विशेष कर्नर एवं प्रदर्शन गर्ने बोर्डको व्यवस्था

ङ) डस्टविनको व्यवस्थापन गरिएको ।

च) प्राथमिक उपचार सामग्रीको व्यवस्था भएको ।

**२ .४. शिक्षण सिकाइ व्यवस्थापन**

क) बौद्धिक अपाङ्गता भएका बालबालिकका लागि विकास गरिएको पुरक पाठ्यक्रम प्रयोग भएको,

ख) भर्ना भएका प्रत्येक विद्यार्थीको छुट्टा छुट्टै लेखाजोखाबाट प्राप्त रिर्पोट एवं आधारभुत व्यक्तिगत सूचना संकलित फाईल तयार भएको ।

ग) सिकाइमापन चेकलिष्टको प्रयोग भएको ।

घ) विद्यार्थीको अवस्थाका आधारमा सिकाउनु पर्ने विषयको प्राथमिकता निर्धारण गरी लक्ष्य निर्धारण एवं सम्भावित सिकाइ क्रियाकलाप समावेश भएको बैयक्तिक शैक्षिक योजना तयार भएको ।

ङ) बैयक्तिक योजनाको आधारमा शिक्षण सिकाई भइ विद्यार्थीले प्राप्त गरेको उपलब्धिको अभिलेख तयार गरेको तथा दैनिक कार्यतालिकाको विकास तथा प्रयोग भएको ।

च) प्रत्येक बालबालिकसँग वैयक्तिक अवस्था अनुसार सञ्चार सम्बन्ध कायम भएको ।

**२ .५) सिकाइ सामग्रीको व्यवस्था**

क) स्थानीय तहमा पाइने सामग्रीहरूको संकलन, खरिद एवं विकास गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाईएको, विकास गरिएका सामग्रीहरूको स्रोतकक्षामा उपलब्धता भएको ।

ख) पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत साधारण पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको उपलब्धता

ग) वैयक्तिक आवश्यकतामा आधारित सामग्री विकास, संकलन एवं प्रयोगको व्यवस्था मिलाईएको

घ) अनावश्यक सामग्री विर्सजनको व्यवस्था मिलाईएको,

### २ .६) एकिकृत एवं समावेशी पद्धती

क) विद्यालयको सदस्य विद्यार्थीको रूपमा भर्ना एवं अभिलेख व्यवस्थापन भएको ।

ख) विद्यालयको दैनिक हुने प्राथना, विभिन्न सामाजिक दिवस, सरस्वती पूजा वा अन्य सबै विद्यार्थी उपस्थित हुने कार्यक्रममा बौद्धिक अपाङ्गता भएका विद्यार्थी समान रूपमा सहभागी भएको ।

ग) विद्यार्थीको वैयक्तिक अवस्थाका आधारमा भाषा विकास, सामाजिक गतिविधि, व्यावहारिक कक्षाहरूमा सम्भव भएसम्म अन्य समकक्षी साथीहरूसँग सम्बन्धित कक्षामा बस्ने गरेको ।

घ) बौद्धिक अपाङ्गता भएका बालबालिकाका समस्या र उनीहरूलाई पुर्‍याउनुपर्ने सहयोगका सम्बन्धमा विद्यालयका सबै कक्षामा कम्तीमा एक पटक स्रोत शिक्षकबाट जानकारी गराईएको ।

ङ) कम्तीमा वर्षको एक पटक विद्यालय व्यवस्थापन समितिमा स्रोतकक्षा सञ्चालन एवं प्रगति सम्बन्धमा छलफल भई निर्णय हुने गरेको ।

च) सरलीकृत परीक्षा प्रणाली, मूल्याङ्कन तथा सिकाइ मापन सूचकको व्यवस्था गरिएको ।

### २ .७) पारदर्शीता एवं सु-शासन

क) स्रोतकक्षामा प्राप्त भएको सहयोगको रेकर्ड अद्यावधिक भएको ।

ख) आवाशीय सुविधा लिएर अध्ययन गरिररहेका बालबालिकको नामवली भित्तामा टाँसिएको ।

### २.८) अनुगमन निरीक्षण

क) स्रोतकक्षा निरीक्षण एवं अनुगमन एवं आगन्तुक पुस्तिका व्यवस्था भएको

ख) विद्यालय निरीक्षण एवं अनुगमन गर्न खटिएको पदाधिकारीहरूले अनुगमन गरेको ।

ग) विद्यालय व्यवस्थापन समितिबाट कम्तीमा ३ महिनामा एक पटक अनुगमन गरेको ।

घ) अभिभावक तथा बौद्धिक अपाङ्गता क्षेत्रमा कार्यरत संघ संस्थालाई कक्षा अवलोकन गर्न प्रोत्साहन गरिएको ।

२.९) आवाश व्यवस्थापन (आवाश रहेको अवस्थामा मात्र)

क) छात्रा र छात्रका लागि वेग्लाबेग्लै सुत्ने कोठाको व्यवस्था, पोशाक, वैयक्तिक सामग्री राख्ने व्यवस्था मिलाईएको ।

ख) सरसफाइयुक्त भान्साकोठा, विहान, दिउसो साँझ कम्तमि ४ पटक पर्याप्त क्यालोरीयुक्त खाजा खानाको व्यवस्थाका लागि साप्ताहिक रूटिङ्गको व्यवस्था गरी कार्यान्वयन गरिएको ।

ग) आवाश व्यवस्थापन सम्बन्धमा कम्तीमा वर्षको एक पटक सम्बन्धित अभिभावकहरूसँग छलफल एवं बैठक बसेको

घ) बालबालिकको कम्तीमा ६ महिनामा स्वास्थ्यजाँचको व्यवस्था मिलाएको ।

### २.१०) अभिभावकसँगको समन्वय

क) भर्नाका समयमा अभिभावकसँग बालबालिकासँग समबन्धित सबै सूचना प्राप्त गरेको ।

ख) आवाशमा बस्नेको हकमा लामो विदामा जादा विद्यार्थीहरूकालागि दैनिक एवं स्वावलम्बन सीप (विहान सबेरै उठने, दाँत ब्रस गर्ने, हातमुखधुने, नुहाउने, सफा कपडा जुत्तामोजालगाउने आदि) एवं अन्य गतिविधिको अभिभावकले अवलोकन गर्ने गरेको ।

ग) बालबालिकको विद्यमान अवस्थाको विषयमा बार्षिक रूपमा लिखित रूपमा जानकारी गराएको ।

### २.११ अतिरिक्त क्रियाकलाप

क) वार्षिक रूपमा विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप मध्ये कम्तीमा एक कार्यक्रममा बौद्धिक अपाङ्गता भएका बालबालिकको सहभागीता हुने गरेको ।

ख) कम्तीमा एक म्युजिक प्लेयर, मादलको व्यवस्था र प्रयोग भएको

ग) बालबालिका अनुकुल हुने गरी विभिन्न खेलकुदमा सहभागिता र प्रोत्साहन गर्ने गरिएको ।

### २.१२ विपद व्यवस्थापन

क) भुकम्प, आगलागी, बाडी, पहिरो जस्ता विपद आइ परेमा सुरक्षा एवं प्रतिकार्य योजना बनेको,

ख) शिक्षक स्टाफ, विद्यार्थी र आयालाई सोसम्बन्धी जानकारी गराईएको ।

### २.१३) पारदर्शीता एवं शुसासन

क) स्रोतकक्षामा प्राप्त भएको सहयोगको रेकर्ड अद्यावधिक भएको ।

ख) आवाशीय सुविधा लिएर अध्ययन गरिररहेका बालबालिकको नामवली भित्तामा टाँसिएको ।

३ बहिरा अपाङ्गता भएका विद्यार्थीहरूका लागि सञ्चालित स्रोतकक्षाको न्युनतम सक्षमताको अवस्था

### ३.१.विद्यार्थी भर्ना व्यवस्थापन

क) भर्ना भएका सबै सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाले अपाङ्गता परिचय पत्र प्राप्त गरेका ।

ख) विद्यालयको मूल भर्ना रजिष्ट्रमा भर्ना अभिलेख रहेको ।

ग) भर्नाका समयमा बालबालिकको ब्यक्तिगत, पारिवारिक, शारीरिक मानसिक अवस्था लगायतको सूचना लिई व्यक्तिगत अभिलेख व्यवस्थित रूपमा राखेको ।

घ) प्रारम्भिक बालविकासका लागि ४ वर्षको र अन्य कक्षाका लागि ५ देखि १८ वर्ष उमेर समूहका विद्यार्थी भर्ना गरेको ।

### ३.२. मानवीय जनशक्ति

क). सबै किसिमको अपाङ्गताको सामान्य आधारभुत जानकारीका साथै सुनाइ सम्बन्धी अपाङ्गता चिन्न सक्ने, सांकेतिक भाषा बुझ्ने, प्रयोग गर्ने र सांकेतिक भाषा सहितको पूर्ण सञ्चार पद्धतिबाट बहिरा बालबालिकालाई शिक्षण सिकाइ सहजीकरण गर्न सक्ने प्राप्त १ जनाशिक्षक कार्यरत रहेको ।

ख) बहिरा अपाङ्गता भएकाहरूमा हुने सञ्चार सम्बन्धी सामान्य समस्या बुझेका र बालबालिका प्रति सकारात्मक दृष्टिकोण भएका विद्यालयका प्रधानाध्यापक, शिक्षक स्टाफ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेका ।

ग) बहिरा बालबालिकाका प्रति प्राकृतिक एवं सांकेतिक भाषामा सञ्चार गर्न सक्ने सहयोगी आयाको व्यवस्था ।

### ३.३. भौतिक अवस्था

क. पर्याप्त मात्रामा हावा प्रकाशको व्यवस्था भएको, लिपपोत गरिएको, पूर्णरूपमा सरसफाईयुक्त एक स्रोतकक्षा ।

ख. शिक्षकले एवं अन्य समकक्षी साथीहरूले प्रयोग गरेको सांकेतिक भाषा हाउभाउ स्पष्टसँग देखिने र विद्यार्थी बस्न, उठन, सांकेतिक भाषाप्रयोग गर्न र अरूले प्रयोग गरेको संकेत सहज रूपमा देख्न सक्ने गरी बसाईको व्यवस्था मिलाईएको ।

ग) विद्यार्थीको उचाइसँग मिल्ने कालोपाटी सेतोपाटीको व्यवस्था, शैक्षिक सामग्री राख्ने विशेष कर्नर एवं प्रदर्शन गर्ने बोर्डको व्यवस्था ।

ङ) डस्टबिनको व्यवस्थापन गरिएको ।

च) प्राथमिक उपचार सामग्रीको व्यवस्था भएको ।

### ३.४. शिक्षण सिकाइ व्यवस्थापन

क) प्रत्येक विद्यार्थीको लेखाजोखाबाट प्राप्त रिर्पोट एवं आधारभुत व्यक्तिगत सूचना संकलित फाईल तयार भएको ।

ख) विद्यार्थीमा रहेको सुनाइसम्बन्धी अपाङ्गताको अवस्थाका आधारमा सांकेतिक भाषा सिकाइ र अन्य स्वीकृत पाठ्यक्रम अनुसारको विषयवस्तु सिकाइका लागि बैयक्तिक शैक्षिक योजना तयार भएको ।

ग) भर्ना भएका सबै बहिरा विद्यार्थीहरूलाई एक वर्षको विद्यालय तयारी कक्षा साँकेतिक भाषा एवं अवलोकनजन्य विषयवस्तु सिकाउने र त्यस पछिका वर्षहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा अन्य समकक्षी विद्यार्थीहरू सरह नै कक्षागत रूपमा (कक्षा १ बाट २, कक्षा २ बाट ३, कक्षा ३ बाट ४ गर्दै क्रमशः कक्षोन्नतिको व्यवस्था भएको ।

घ) सांकेतिक भाषामा शिक्षण सिकाइ एवं मूल्यांकनको व्यवस्था मिलाईएको ।

ङ) प्रत्येक बालबालिकासँग सांकेतिक भाषाको माध्यमबाट सञ्चार सम्बन्ध कायम भएको ।

**३.५) सिकाइ सामग्रीको व्यवस्था**

क) विद्यालयमा भर्ना भएका बहिराबालबालिकलाई सांकेतिक भाषा सिकाउनका लागि आवश्यक सामग्रीको संकलन, व्यवस्थापन, एवं प्रयोगको व्यवस्था (दैनिक समाचार एवं दैनिक गतिविधि समाबेश भएको) ।

ख) सांकेतिक भाषामा तयार पारिएका क्यालेण्डर, स्वर व्यजन वर्णका शब्द संकेतहरूको चित्र, सांकेतिक भाषा शब्दकोष उपलब्ध भएको ।

ग) पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत साधारण पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको उपलब्धता ।

घ) वैयक्तिक आवश्यकतामा आधारित सामग्री विकास, संकलन एवं प्रयोगको व्यवस्था मिलाईएको ।

३.६) एकिकृत एवं समावेशी पद्धति

क) विद्यालयको सदस्य विद्यार्थीको रूपमा भर्ना एवं अभिलेख व्यवस्थापन भएको ।

ख) विद्यालयको दैनिक हुने प्राथना, विभिन्न सामाजिक दिवस, सरस्वती पूजा वा अन्य सबै विद्यार्थी उपस्थित हुने कार्यक्रममा बहिरा अपाङ्गता भएका विद्यार्थी समान रूपमा सहभागी भएको ।

ग) विद्यार्थीको वैयक्तिक अवस्थाका आधारमा गणित विज्ञान शारीरिक शिक्षा,प्रयोगात्मक कक्षा, सामाजिक गतिविधि, एवं व्यावहारिक कक्षाहरूमा सम्भवभएसम्म अन्य समकक्षी साथीहरूसँग सम्बन्धित कक्षामा बस्ने गरेको ।

घ) बहिरा अपाङ्गता भएका बालबालिकको सञ्चार समस्या र उनीहरूलाई पुर्‍याउनुपर्ने सहयोगका सम्बन्धमा विद्यालयका सबै कक्षामा कम्तीमा एक पटक स्रोतशिक्षकबाट जानकारी गराईएको ।

ङ) कम्तीमा वर्षको एक पटक विद्यालय व्यवस्थापन समितिमा स्रोतकक्षा सञ्चालन एवं प्रगति सम्बन्धमा छलफल भई निर्णय हुने गरेको ।

**३. ७) पारदर्शीता एवं शुसासन**

क) स्रोतकक्षामा प्राप्त भएको सहयोगको रेकर्ड अद्यावधिक भएको ।

ख) आवाशीय सुविधा लिएर अध्ययन गरिररहेका बालबालिकको नामवली भित्तामा टाँसिएको ।

**३.८) आवाश व्यवस्थापन ( आवाश रहेको अवस्थामा मात्र)**

क) छात्रा र छात्रका लागि वेग्लाबेग्लै सुत्ने कोठाको व्यवस्था, पोशाक, वैयक्तिक सामग्री राख्ने व्यवस्था मिलाईएको ।

ख) सरसफाइयुक्त भान्साकोठा, विहान, दिउसो साँझ कम्तिमि ४ पटक खाजा खानाको व्यवस्थाका लागि साप्ताहिक रूटिङ्गको व्यवस्था गरी कार्यान्वयन गरिएको ।

ग) आवाश व्यवस्थापन सम्बन्धमा कम्तीमा वर्षको एक पटक सम्बन्धित अभिभावकहरूसँग छलफल एवं बैठक बसेको ।

### ३.९) अभिभावक एवं बहिरा संघ संस्थासागको समन्वय

क) भर्नाका समयमा अभिभावकसँग बालबालिकासँग समबन्धित सबै सूचना प्राप्त गरेको ।

ख) स्थानीय बहिरा संघ संस्थासँग समन्वय गरेको र सांकेतिक भाषा विकास एवं प्रवोधिकरणमा साझेदारी गरेको अवस्था ।

ग) विद्यार्थीहरूसँग गर्न सकिने सामान्य सञ्चारका विषयमा अभिभावकहरूलाई जानकारी गराइएको

### ३.१० अतिरिक्त क्रियाकलाप

क) वार्षिक रूपमा विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप मध्ये कम्तीमा एक कार्यक्रममा बहिरा अपाङ्गता भएका बालबालिकको सहभागिता हुने गरेको ।

ख बालबालिका अनुकुल हुने गरी विभिन्न खेलकुदमा सहभागिता र प्रोत्साहन गर्ने गरिएको ।

### ३.११ विपद व्यवस्थापन

क) भुकम्प, आगलागी, बाडी, पहिरो जस्ता विपद आइ परेमा सुरक्षा एवं प्रतिकार्य योजना बनेको,

ख) शिक्षक स्टाफ, विद्यार्थी र आयालाई सो सम्बन्धी जानकारी गराईएको ।

### ३.१२) अनुगमन निरीक्षण

क) स्रोतकक्षा निरीक्षण एवं अनुगमन एवं आगन्तुक पुस्तिका व्यवस्था भएको

ख) विद्यालय निरीक्षण एवं अनुगमन गर्न खटिएको पदाधिकारीहरूले अनुगमन गरेको ।

ग) विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट कम्तीमा ३ महिनामा एक पटक अनुगमन गरेको ।

### ८. ४ छात्रबृति

१. **आवासीय छात्रवृत्ति**ः भौगोलिक अवस्था, दूरी र अपाङ्गताको अवस्थाको कारणले घरबाट दैनिकरूपमा आवतजावत गर्न नसक्ने एवम् अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएका विपन्न बालबालिकाको तोकिएको कोटा छुट्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रु ४०००।- का दरले १० महिनाका लागि रु ४०,०००।- का दरले विद्यालयलाई निकासा दिने । यस प्रकारको छात्रवृत्ति रकमबाट छात्रावासमा बस्ने छात्रछात्राहरूको लागि खाना तथा खाजा, आवास व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने । सो मध्ये व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने सामग्रीहरु (जस्तै साबुन, काईयो, दन्त मञ्जन, बुरूस, नेलकटर, कोल्डक्रिम, स्याम्पु रूमाल, स्यानेटरी न्याप्किन आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रु ५०० र ( का दरले १० महिनाको जम्मा रु ५०००।-सम्बन्धित छात्रछात्राहरूलाई भरपाई गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने ।

२. सहयोगी सहायता सेवा छात्रवृत्ति (गैरआवासीय) र घरबाट आउँदाजाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएकाप्रति विद्यार्थी प्रति महिना रु ५००।- का दरले १० महिनाको लागि रु ५,०००।-

३. यातायात सेवा छात्रवृत्ति (गैर आवासीय) घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रु ३००।- का दरले १० महिनाको लागि रु ३,०००।-)

४. शैक्षिक सामग्री छात्रवृत्ति (गैर आवासीय) घरबाट आउन जान सक्ने सामान्य अपाङ्गता भएका प्रति विद्यार्थी प्रति महिना रु १००। का दरले १० महिनाको रु १,०००।–

पुनश्च कुनै संघ/संस्था र व्यक्तिले सम्झौता गरी अपाङ्गता भएका बालबालिकाको लागि आवास व्यवस्थापन गर्ने रकम उपलब्ध गराएको भएमा सोही प्रयोजनको लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति उपलब्ध गराउने । कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने छ । छात्रवृत्ति वितरण गर्दा अपाङ्गता परिचय पत्रको आधारमा गर्ने ।

## ८. ५) लेखाजोखा केन्द्र

अपाङ्गता भएका बालबालिकाको पहिचानका लागि छनोट एवं लेखाजोखा, तथ्यांक संकलन, स्रोतकक्षा/विशेष विद्यालय वा अन्य उपयुर्क्त स्थानमा शिफारिस गर्नका लागि हालसम्म ६९ जिल्लामा लेखाजोखा केन्द्र स्थापना भएका छन ।

### क) विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिकामा लेखाजोखा केन्द्र सम्बन्धी व्यवस्था देहाय बमोजिम उल्लेख गरिएको छ ।

जिल्लामा अपाङ्गता पहिचान गर्न, अपाङ्गता सम्बन्धी आवश्यक सेवा, सहयोग सरसल्लाह र अन्य कार्यक्रम तर्जुमा गर्ने जस्ता उद्देश्यले विशेष शिक्षा कार्यक्रम लागू भएका जिल्लामा क्रमशः एक/एक ओटा लेखाजोखा केन्द्र स्थापना गरिनेछ । लेखाजोखा केन्द्र व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| क) जिल्ला शिक्षा अधिकारी वा निजले तोकेको व्यक्ति | अध्यक्ष |
| ख) जिल्ला स्वास्थ्य कार्यालयको एक स्वास्थ्यकर्मी | सदस्य |
| ग) जिल्लास्थित विशेष शिक्षा एवम् अपाङ्गता क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाबाट १ जना अपाङ्गता भएका व्यक्ति समेत पर्ने गरि २ जना | सदस्य |
| घ) स्रोत शिक्षकमध्ये विभिन्न अपाङ्गताको क्षेत्रबाट पर्ने गरी ३ जना | सदस्य |
| ङ) लेखाजोखा केन्द्र रहेको विद्यालयको प्र.अ. | सदस्य |
| च) जिल्लामा आयमूलक कार्यक्रम सञ्चालन गर्ने संस्थाको पदाधिकारी एक जना | सदस्य |
| छ) जिल्ला विकास समितिको प्रतिनिधि | सदस्य |
| ज) विशेष शिक्षा फोकल पर्सन | सदस्य सचिव |

**लेखाजोखा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

क) विशेष आवश्यकता पर्ने बालबालिकाको छनोट र लेखाजोखा गर्ने ।

ख) बालबालिकालाई सम्बन्धित स्रोतकक्षा वा अन्य विद्यालयमा सिफारिस गर्ने ।

ग) विशेष आवश्यकता पर्ने बालबालकाको लागि शैक्षिक योजना तर्जुमा गर्ने ।

घ) अपाङ्गता भएका बालबालिका र उनीहरूका अभिभावकहरूलाई उचित सरसल्लाह प्रदान गर्ने ।

ङ) स्रोत शिक्षकलाई आवश्यकता अनुसारको सहयोग, सल्लाह र सुझावहरु प्रदान गर्ने ।

च) स्रोतकक्षाका बालबालिकाका साथै जिल्लाका सबै विशेष आवश्यकता पर्ने बालबालिकाको प्रोफाइल तयार गर्नै ।

छ) छोटो अबधिका विशेष शिक्ष सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ज) जिल्लामा संचालित विशेष शिक्षा सम्बन्धी कार्य गर्ने गैर सरकारी सङ्घ संस्थाका कार्य प्रकृति कार्यरत जनशक्तिको विवरण र उनीसँग समन्वय गर्न सक्ने विषयवस्तु आदिको विवरण तयार गरी अपाङ्गता सम्बन्धी विभिन्न कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गर्ने गराउने ।

झ) आवश्यकता अनुसार सीपमूलक तालिम सञ्चालनका लाग पहन गर्ने ।

ञ) जिल्लामा संचालित कार्यक्रमको निरीक्षण अनुगमन गर्ने र निर्देशन दिने ।

ट) जिल्लागत रूपमा आर्थिक स्रोत विकासका लागि पहल गर्ने ।

ठ) जिल्लास्तरमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी उत्कृष्ट बालबालिकालाई राष्ट्रियस्तरको क्रियाकलापमा सहभागी गराउने ।

ड) जिल्लास्तरमा बालबालिकाले तयार गरेका सामग्रीहरु प्रदर्शनी गराउने ।

ढ) जिल्लामा रहेका विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाको समस्या पहिचान गर्न र उनीहरूको लागि पुऱ्याउनु पर्ने सेवाको योजना समेत तयार गर्नको लागि लेखाजोखा केन्द्र परि चालन समितिले लेखाजोखा प्राविधिक टोली गठन गरी काम लगाउन सक्नेछ व्यवस्था निर्देशिकामा रहेको छ ।

ञ) यस वर्ष लेखाजोखा केन्द्रका सन्दर्भमा रहेको कार्यक्रमका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ अध्ययन गर्न सकिन्छ । लेखाजोखा केन्द्र संयोजकलाई सबै नगरपालिका एवं गाउँ पालिकासँग समन्वय गरेर तथायंक संकलन, छात्रबृति वितरण आदिमा सहयोग गर्ने जिम्मेवारी तो किएको छ ।

### ८. ६) आवाश व्यवस्थापन, पाठ्यपुस्तक, सिकाई सामग्री एवं अन्य व्यवस्थापनका लागि अनुदान

नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीहरूको विद्यालयसम्मको पहुँचलाई सहज बनाउनका लागि देशका ३०० भन्दा बढी विद्यालयहरूमा आवाशको व्यवस्थापन गरेको छ । आवाशीय व्यवस्थापन गरेका विद्यालयमा आया एवं अन्य कर्मचारीको व्यवस्था मिलाएको छ भने आवाश सहितको भवन निर्माणका

कार्यहरू सञ्चालन भई रहेका छन । सबै विशेष एवं एकिकृत विदालय र स्ोतकक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदान उपलब्ध हुदै आएको छ । विभिन्न संघ संस्थाको साझेदारीमा सिकाई सामग्री विकास एवं प्रयोग भईरहेको छ ।

विद्यालय शिक्षामा अध्ययन गर्ने दृष्टिविहिन विद्यार्थीहरूका लागि निशुल्क रूपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउदै आएको छ । ब्रेल पाठ्यपुस्तक दृष्टिविहिन व्यवस्थापन गर्दा महंगो भएको र स्टोर गर्दा ब्रेल डट मेटिने सम्भावना भएकाले प्रत्येक वर्ष खरिद गरी उपलब्ध गराईने भएकाले विद्यालयमा अध्ययरत विद्यार्थीहरूको विवरण विद्यालय एवं स्थानीय तहले समयमै शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा उपलब्ध गराइदिनु पर्दछ ।

### ९ संघ/संस्था निकायबाट सञ्चालित सेवा

अपाङ्गता भएका बालबालिकाको जनचेतना अभिबृद्धि, क्षमता विकास, शिक्षा स्वास्थ्य पुनर्स्थापन लगायतका विषयमा विभिन्न संघ संस्थाहरूले उल्लेख्य कार्यक्रम सञ्चालन गर्दै आएका छन । अपाङ्गता भएका व्यक्तिहरूबाट नै स्थापित भएका संस्थाहरूको महासंघको अध्यक्ष विशष शिक्षा परिषदको पदेन सदस्य हुने व्यवस्था रहेको छ । विभिन्न संघ संस्थाहरूको विवरण अनुसुचीमा समाबेश गरिएको छ ।

### १० अनुगमन एवम् निरीक्षण

अपाङ्गता भएका बालबालिकाको लागि सञ्चालन भएका शैक्षिक कार्यक्रमको अनुगमनको जिम्मेवारी संघीय, प्रादेशिक र स्थानीय सरकारका सम्बद्ध अधिकारीहरू रहेका छन । निरीक्षणको क्रममा उपलब्ध गराईने उपलब्ध गराईने पृष्टपोषणले सुधार कार्यलाई सहयोग गर्नुपर्दछ । सामान्यतया स्रोतकक्षाका लागि तोकिएका सक्षमताका अवस्थाका सूचकहरूको अवस्था कस्तो छ भन्ने विषयमा ध्यान पुर्‍याउनु पर्दछ । तत्कालीन समयमा प्रयोग गरिएको अनुगमन फाराम जानकारीका लागि अनुसचीमा राखिएको छ ।

### ११ सहजीकरण पुस्तिका र स्थानीय तहमा कार्यक्रम छनोट एवं कार्यान्वयन

यस सहजीकरण पुस्तिकामा समावेशी शिक्षा, संबैधानिक कानूनी एवं नीतिगत व्यवस्था,अपाङ्गताको वर्गीकरण पहिचान एवं सहयोग पद्धति, अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालित विशेष विद्यालय एकिकृत विद्यालय स्रोतकक्षा, छात्रबृति लगायत विषय समावेश गरिएका छन । विद्यमान संबैधानिक कानूनी प्रावधानका आधारमा अपाङ्गता भएका बालबालिकाको शिक्षाका लागि स्थानीय तहबाट सम्पादन हुने कार्यक्रमका लागि सहयोग पुग्ने विश्वास गरिएको छ । पुस्तिकामा समाबेश गरिएका विषयवस्तु र उपयोग गर्न सकिने क्षेत्र देहाय बमोजिम राखिएको छ ।

| क्र.स. | पुस्तिकामा समावेश भएका विषय | उपयोग गर्न सकिने क्षेत्र |
|---|---|---|
| १ | समावेशी शिक्षा, अपाङ्गताको वर्गीकरण, संबैधानिक, कानूनी एवं नीतिगत व्यवस्था | स्थानीय तहमा शैक्षिक नीति बनाउन र आफ्नो जिम्मेवारी बहन गर्न, |
| २ | विशेष विद्यालय एकिकृत विद्यालय<br>स्रोतकक्षा | • विद्यालय अनुमति प्रदानका आधार बनाउन<br>• विद्यालयको व्यवस्थापनमा सहजीकरण<br>• बजेट उपलब्ध गराउने आधार<br>• भर्ना एवं भर्नाका लागि सिफारिस गर्न, |
| ३ | स्रोतकक्षाको सक्षमताका सूचक | सुधारका लागि थप स्रोत निकासा एवं बजेट विकासको आधार, |
| ४ | अपाङ्गताको वर्गीकरण | विद्यालयमा अपाङ्गता भएका बालबालिकका लागि सहयोग गर्न सम्बद्ध विद्यालयहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन, |
| ५ | छात्रबृत्ति | • अध्ययनरत अपाङ्गता भएका विद्यार्थीलाई छात्रबृतिका आधार,<br>• तोकिएको आधार बमोजिम छात्रबृत्ति उपलब्ध,<br>• अध्ययन अबसरको सुनिश्चितता र अनुगमन, |
| ६ | लक्षणका आधारमा अपाङ्गता पहिचान र सहयोग | • पहिचान भएका अपाङ्गता भएका बालबालिकाका लागि कार्यक्रम छनोट गर्न,<br>• स्थानीय तहमा अपाङ्गता भएका बालबालिकाको पहिचान लागि फाराम प्रयोग गर्न |

| | | |
|---|---|---|
| ७ | अन्य संघ संस्था निकायबाट हुने सहयोग एवं सञ्चालित कार्यक्रम | • अपाङ्गता भएका व्यक्तिका लागि प्राप्त हुने सेवा सुविधाको जानकारी<br>• परामर्श, सेवा समन्वय |
| ८ | कार्यगत सीमितताका आधार अपाङ्गता पहिचान | • सहयोग आवश्यक पर्ने बालबालिकाको पहिचान गर्न<br>• आवश्यकतामा आधारित सहयोगका लागि कार्यक्रम छनोटमा सहजीकरण |
| ९ | अनुगमन फाराम | • अपाङ्गता भएका बालबालिकका लागि सञ्चालित कार्यक्रमको अनुगमन गर्न |
| १० | लेखाजोखा फाराम | • अपाङ्गता भएका बालबालिका पहिचान गर्नका उपयोग गर्न सकिने |

अनुसूची-१ विशेष विद्यालय नामावली

| क्र.सं. | जिल्ला | विद्यालयको नाम | अपाङ्गताको किसिम | संचालित कक्षा | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर |
|---|---|---|---|---|---|---|
| १. | मोरङ्ग | विराट बहिरा मा.वि., मोरङ्ग | बहिरा | शिशु देखि १० | मीनु अधिकारी | ९८४२०९४१६७ |
| २. | सुनसर | पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय धरान | दृष्टिविहिन | शिशु देखि १० | प्रमोद भण्डारी | ९८४२१७००८१ ०२५५२१८४६ |
| ३. | सुनसरी | पूर्वाञ्चल बहिरा विद्यालय धरान | बहिरा | शिशु देखि १० | रेणुका बढाथोकी | ९८४२०३९९७४, ०२५५२१८४६ |
| ४. | सुनसरी | सुस्तमनस्थिति बालकल्याण विद्यालय धरान | बौद्धिक अपाङ्गता | आधारभूत तह | शिला श्रेष्ठ | ०२५५२१८६८ |
| ५. | सप्तरी | बहिरा बालकको विद्यालय राजविराज | बहिरा | १ देखि ६ | शत्रुधन प्रसाद यादव | ९८४२८२१६३३ |
| ६. | सिरहा | बहिरा बालकको विद्यालय सिरहा | बहिरा | १ देखि ६ | भोलाप्रसाद यादव | ९८४२९१८३२३ |
| ७. | सिन्धुली | नवज्योती बहिरा विद्यालय सिन्धुली | बहिरा | आधारभूत तह | विजय तामाङ | ९८४४०९४७६२ |
| ८. | दोलखा | भिमेश्वर बहिरा विद्यालय दोलखा | | १ देखि ५ | | |
| ९. | धनुषा | रामजानकी सुस्तमनस्थिति विद्यालय जनकपुरधाम | बौद्धिक अपाङ्गता | आधारभूत तह | बलिराम झा | ९८४४०२१२३८ |
| १०. | चितवन | श्री सुस्तमनस्थिति विद्यालय श्रीपुर | बौद्धिक अपाङ्गता | आधारभूत तह | पूर्णकान्त कौईराला | ९८४५३५८२२६ |
| ११. | चितवन | बालकुमारी सुस्तमनस्थिति विद्यालय भरतपुर | बौद्धिक अपाङ्गता | आधारभूत तह | सरस्वती कतिला | ९८४५०६३२७३ |
| १२. | मकवानपुर | शान्ति नमूना आवासीय बहिरा मकवानपुर | बहिरा | आधारभूत तह | | |
| १३. | रौतहट | बहिरा तथा सुस्तश्रवण विद्यालय वसन्तपुर | बहिरा | १ देखि ५ | कुमार शेखर झा | ९८४५०३९६७० |
| १४. | धादिङ्ग | स्वावलम्बी बहिरा आ.वि., धादिङ्ग | बहिरा | १ देखि ५ | विष्णुबहादुर लामिछाने | ९८००९३६१० |
| १५. | काठमाडौं | केन्द्रीय बहिरा मा.वि. नक्साल | बहिरा | १ देखि ५ | उपेन्द्र पराजुली | ०१४४१०१७९ ९८४१४४८०३५ |
| १६. | काठमाडौं | निर्मल बालविकास केन्द्र भिमसेन गोला | बौद्धिक अपाङ्गता | आधारभूत तह | ज्योती खनाल | ०१४१०९००५ ९८४१५८२२११ |
| १७. | काठमाडौं | सुस्तमनस्थिति पारिवारीक | बौद्धिक अपाङ्गता | आधारभूत तह | रविन्द्र के.सी | १४४६२३६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सरसल्लाह केन्द्र सिनामंगल | | | | ९८४१२८४५७५ |
| १८. | काठमाडौं | सुस्तमनस्थिति बालकल्याण विद्यालय, किर्तिपुर | बौद्धिक अपाङ्गता | आधारभूत तह | | |
| १९. | ललितपुर | सुस्तमनस्थिति कल्याण विद्यालय चक्रबहिल | बौद्धिक अपाङ्गता | आधारभूत तह | इन्दिरा ढुङ्गाना | ९८४१२७११०० |
| २०. | भक्तपुर | सुस्तमनस्थिति कल्याण विद्यालय नीलबाराही | बौद्धिक अपाङ्गता | आधारभूत तह | प्रेम हालियो जोशी | ९८४१३५८०७१ |
| २१. | भक्तपुर | मानव विद्यागृह ठिमी | बौद्धिक अपाङ्गता | आधारभूत तह | बाबुकृष्ण रंजित | ९८४१२५७४९५ |
| २२. | काभ्रे | आदर्श बालविकास केन्द्र बनेपा | बौद्धिक अपाङ्गता | आधारभूत तह | | |
| २३. | काभ्रे | काभ्रे बहिरा विद्यालय बनेपा | बहिरा | आधारभूत तह | कृष्णप्यारी नकर्मी | ९८४१३००८२३ |
| २४. | सिन्धुपाल्चोक | सिन्धु बहिरा आ.वि. बाह्रविसे सिन्धुपाल्चोक | बहिरा | आधारभूत तह | अनिल अम्गाई | ९८४१४७३१३१ |
| २५. | गोरखा | मनकामना बहिरा विद्यालय गोरखा | बहिरा | शिशु देखि १० | | |
| २६. | कास्की | सिर्जना बहिरा विद्यालय | बहिरा | शिशु देखि १० | सुनिल भण्डारी | ०६१५६०४६६ |
| २७. | स्याङ्जा | चण्डीकालिका बहिरा विद्यालय स्याङ्जा | बहिरा | आधारभूत तह | राजेन्द्र ढकाल | ९८०५८२९२६५ |
| २८. | बाग्लुङ्ग | धौलागीरी बहिरा विद्यालय बाग्लुङ्ग | बहिरा | शिशु देखि १० | मधुसुधन निउरे | ०६८५२२६५१ |
| २९. | बाग्लुङ्ग | सुस्तमनस्थिति कल्याण विद्यालय बाग्लुङ्ग | बौद्धिक अपाङ्गता | आधारभूत तह | युक्तजंग राजभण्डारी | ९८४७६२८३४४ |
| ३०. | रुपन्देही | बहिरा बाल मा.वि. भैरहवा | बहिरा | शिशु देखि १२ | दिलमाया थापा | ०७१५२०९९४ |
| ३१. | अर्घाखाँची | निर्मल सुस्तमनस्थिति विद्यालय , सन्धीखर्क | बौद्धिक अपाङ्गता | आधारभूत तह | कमला भुषाल | ०७७४२०२०३, ९८४७१५७३५० |
| ३२. | सुर्खेत | सिद्ध बहिरा बालकको विद्यालय, सुर्खेत | बहिरा | शिशु देखि ८ | चन्द्र बहादुर कार्की | ०८३५२०१६९ |
| ३३. | हुम्ला | हिमाली बहिरा तथा बौद्धिक अपाङ्गता विद्यालय सिमकोट | बहिरा | आधारभूत तह | | |

## अनुसुची २

**एकिकृत विद्यालय**

| क्र.स. | जिल्ला | विद्यालयको नाम | अपांगताको किसिम | सञ्चालित कक्षा | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर |
|---|---|---|---|---|---|---|
| १. | झापा | कन्काइ मा.वि. सुरुङ्गा | बहिरा | शिशु देखि १२ | ईश्वरी शिवाकोटी | ९८४४६४२०३२ |
| २. | मोरङ्ग | जनता नमूना मा.वि. विराटनगर | बहिरा | शिशु देखि १२ | सिलाराज नेपाली<br>लीला भट्टराई | ९८४२०४१८१२<br>९८४२११०४६६ |
| ३. | सिरहा | पशुपति मा.वि. लाहान | दृष्टिविहिन | शिशु देखि १२ | भोला यादव | ९८४४१६८९३५ |
| ४. | महोत्तरी | श्री मा.वि. बसविट्ठी | दृष्टिविहिन | शिशु देखि १२ | सुरेश यादव | ९८०४८२३९२३ |
| ५. | बारा | श्री ने.रा. मा.वि. डुमरवाना | दृष्टिविहिन | शिशु देखि १२ | अक्षय चौधरी | ९८४५०६०१३१ |
| ६. | रौतहट | श्री जुद्ध मा.वि. गौर | दृष्टिविहिन | शिशु देखि १२ | रघुवीर झा | ९८५००३८८४ |
| ७. | काठमाडौं | ल्यावोरेटोरी मा.वि. कीर्तिपुर | दृष्टिविहिन | शिशु देखि १२ | लाक्पा शेर्पा | ९८५११०७३५५ |
| ८. | काठमाडौं | नमूना मच्छिन्द्र मा.वि. लगनखेल | दृष्टिविहिन | शिशु देखि १२ | बुद्धलक्ष्मी श्रेष्ठ | ९८४१८६९७७१ |
| ९. | काठमाडौं | खगेन्द्र नवजीवन व्यावसायिक मा.वि., जोरपाटी | शारीरिक | शिशु देखि १० | राघवप्रसाद दवाडी | ०१४९१०३११<br>९८५१०११८१२ |
| १०. | भक्तपुर | आदर्श मा.वि. लायकु | दृष्टिविहिन | शिशु देखि १२ | | ६६३०३२१ |
| ११. | काभ्रे | संजीवनी मा.वि. धुलीखेल | दृष्टिविहिन | शिशु देखि १२ | पूजना श्रेक्ष्ठ | ९८४१४३३५९२ |
| १२. | गोरखा | अमरज्योती मा.वि. लुईटेल | दृष्टिविहिन | शिशु देखि १२ | अनिल अम्गाई | ०६४४२००७६,<br>९८४१४७३१३१ |
| १३. | कास्की | अमरसिंह मा.वि. पोखरा | दृष्टिविहिन | शिशु देखि १२ | | ०६१५३१५०६,<br>०६१५२०३५९ |
| १४. | बाग्लुङ्ग | जनताधन मा.वि. बाग्लुङ्ग | दृष्टिविहिन | शिशु देखि १२ | गुरुप्रसाद पौडेल | ९८४७६३१००१ |
